प्रदेश समन्वय परिषद् बैठकको प्रतिवेदन २०७६

२०७६ पौष २६ र २७

स्थान: बर्दिबास, महोत्तरी

प्रतिवेदकहरू

दिलिप कुमार प्रधान – उपसचिव

धनंजय कुमार सिंह–अधिकृत आठौं

सुरेन्द्र कुमार कर्ण– अधिकृत आठौं

प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं.-२ मधेश भवन

मा. मुख्यमन्त्रीज्यूले प्रदेश समन्वय परिषद्को बैठकलाई सम्बोधन गर्दै

प्रदेश समन्वय परिषद्को बैठकमा मञ्चमा आसिन विशिष्ठ व्यक्तित्वहरु

भूमिका

नेपालको संविधान अनुसार संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहने भनि उल्लेख भए बमोजिम तीन तहका सरकारका काम, कारवाही सोही सिद्धान्त बमोजिम संचालित भइ संघ, प्रदेश र स्थानीय तह बीच समन्वय कायम भएको पाईन्छ ।

संघ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता, राष्ट्रिय हित, सर्वांगिन विकास, वहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, वहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचान संरक्षणका साथै विकासका लागि समयमै वास्तविक तथ्यांकको अध्ययन गरी नीति तथा कार्यक्रम प्रादेशिक योजना, सन्तुलित बजेट र आर्थिक अनुशासन, न्यायगत रुपमा श्रोत र साधनहरुको उचित वितरण तथा विनियोजन गर्नुपर्ने हुन्छ । प्रादेशिक र स्थानीय तहका जनताहरुको जीवन सहज हुने गरी कृषि तथा औधोगिक कार्यक्रमहरु कार्यान्वयन गर्ने दण्डहिनता अन्त गरी कानूनी शासनको प्रवर्द्धन न्याय र विकासका लागि शासन र प्रशासनमा जोड दिनु पर्दछ।

प्रदेश र स्थानीय तहको योजना तर्जुमा, नीतिगत साझेदारी, साझा अधिकार सूचिको प्रयोगमा एकरुपता, प्राकृतिक श्रोत र साधनको उपयोग र बाँडफाँरमा समन्वय गर्न, प्रदेशको समग्र विकास कार्यक्रममा साझेदारी गर्न, प्रदेशको सुव्यवस्था कायम गर्ने लगायत तत्सम्वन्धी कार्य नियमित र व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०५(५) वमोजिम प्रदेश समन्वय परिषद्को मिति २०७५।०५।१९ मा बसेको पहिलो वैठकले कार्यविधि पारित गरेको छ । स्थानीय सरकार ऐन २०७४ को दफा १०५ बमोजिम प्रदेश सरकारले प्रत्येक वर्ष कम्तिमा एक पटक प्रदेश समन्वय परिषद बैठक बस्नु पर्ने प्रावधान अनुसार मिति २०७६।०९।२६ र २७ गते उक्त बैठक प्रदेश नं. २ का माननीय मुख्यमन्त्री श्री लालबाबु राउतको संयोजकत्वमा महोत्तरी जिल्लाको बर्दिवासमा नगरपालिकामा बसेको बैठक र सो बैठकले पारित गरेका प्रस्तावहरु महिला हिंसा, वालविवाह र दाईजो प्रथाको अन्त्य, छोरी शिक्षा मुद्दति खाता संचालनमा सहजीकरण गर्ने गरी प्रतिबद्धता समेत गरेको छ । उक्त कार्यक्रममा माननीय अर्थमन्त्री युवराज खतिवडा, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. पुण्य कँडेल, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त श्री

नवीन कुमार घिमिरे, महालेखा परीक्षक मा. टंकमणी शर्मा दंगाल, योजना आयोगका मा. सदस्य डा. उषा झाज्यू समेतलाई निर्देशन मन्तव्यको लागि हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत प्रतिवेदनमा दिइएका अग्रजहरुको अनुभव, सुझाव, कार्यपत्र प्रस्तुतिकरण सामाग्री संकलन, टिपोटकर्ता, सम्पादन, प्रतिवेदक र प्रकाशनमा सहयोग पुर्याउनु हुने कर्मचारी साथीहरु, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सबै कर्मचारी मित्रहरु प्रति हार्दिक धन्यवाद दिदै सम्बन्धित सबैमा विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

रामकृष्ण सुवेदी
(प्रमुख सचिव)
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-२, मधेस भवन
जनकपुरधाम ।

शब्द संक्षेपीकरणको तालिका

म.ले.प.: महालेखा परीक्षक

आ.ले.प.: आन्तरिक लेखा परीक्षण

जि.स.स.: जिल्ला समन्वय समिति

अ.दु.अ.आ.: अख्तियार दुरुपयोग अनुसन्धान आयोग

USAID: United States Agency for International Development

UK AID: United kingdom Agency for International Development

IBRD: International Bank of Rural Development

DFID: Department of International Development

O&M: Organizational and Management Survey

OAG: Office of Auditor General

ADB: Asian Development Bank

WB: World Bank

प्रतिवेदनको कार्यकारी सारांश

२०७२ सालमा घोषना भएको नेपालको संविधानले राज्यको अधिकारलाई संघ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन गरेको छ। सोही बमोजिम तीनै तहको निर्वाचन पश्चात संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार गठन भई हाल क्रियाशील रहेको छ । संवैधानिक प्रावधान अनुसार नेपालमा सात प्रदेश रहेकोमा हालसम्म चारवटा प्रदेशको नामाकरण भइसकेको छ भने प्रदेश नं. २ सहित अन्य प्रदेशको नामाकरण गर्ने प्रक्रियामा छ ।

प्रदेश नं. २ सरकारले कानून निर्माण तर्फ दुई दर्जन भन्दा बढी कानूनहरु कार्यान्वयनमा रहेको, ८० वटा कानून मस्यौदा भइ तयारी अवस्थामा रहेको र २१ वटा विधेयकको प्रदेश सभाको समितिहरुमा छलफलमा रहेको छ । संविधान बमोजिम सम्बन्धित प्रदेशका मुख्यमन्त्रीज्यूको संयोजकत्वमा गठन हुने प्रदेश समन्वय परिषद्को बैठक दफा ३ को उपदफा (१) बमोजिम वर्षमा एक पटक बस्नु पर्ने प्रावधान रहेको छ । सोही मुताविक २०७६ पौष २६ र २७ गते महोत्तरी जिल्लाको बर्दिवासमा आयोजना गरियो । दुई दिने सो बैठकमा मूलतः उद्घाटन सत्र र कार्यक्रम सत्रको आयोजना गरिएको थियो । कार्यक्रमको उदघाटन मा. मुख्यमन्त्री लालबाबु राउतले गर्नुभएको थियो भने प्रदेश सरकारका प्रमुख सचिव श्री रामकृष्ण सुवेदीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुका साथै सहभागीहरुलाई स्वागत गर्नु भएको थियो । उक्त उदघाटन कार्यक्रममा प्रमुख अतिथि मा. अर्थमन्त्री डा. युवराज खतिवडा, विशिष्ट अतिथि मा. उपाध्यक्ष प्रा.डा. पुष्पराज कंडेल, विशिष्ट अतिथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त नविन कुमार घिमिरे, विशिष्ट अतिथि मा. महालेखापरीक्षक टंकमणी शर्मा दंगाल लगायतका व्यक्तित्वहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रम सत्रमा विज्ञहरुद्वारा कार्यपत्र प्रस्तुत भएको थियो । कार्यपत्र प्रस्तुत गर्नेमा प्रदेशका मुख्यन्यायाधिवक्ता श्री दिपेन्द्र झाज्यूले '**प्रदेशस्तरीय कानून निर्माण तथा प्रदेश र स्थानीय तह अन्तर सम्बन्ध विषयमा**', प्रदेश नीति तथा योजनाका उपाध्यक्षज्यूले '**प्रदेश सरकारको नीति र योजना विषयमा**', आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवज्यूले '**मन्त्रालयगत समस्या, चुनौती, समस्या समाधानका उपायहरु, भावी कार्ययोजना तथा प्रदेश र स्थानीय तहसँग सहकार्य र अन्तरसम्बन्ध' विषयमा**, आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवज्यूले '**मन्त्रालयगत समस्या, चुनौती, समस्या समाधानका उपायहरु, भावी कार्ययोजना तथा प्रदेश र स्थानीय तहसँग सहकार्य र अन्तरसम्बन्ध' विषयमा**, भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिवज्यूले '**मन्त्रालयगत समस्या, चुनौती, समस्या समाधानका उपायहरु, भावी कार्ययोजना तथा प्रदेश र स्थानीय तहसँग सहकार्य र अन्तरसम्बन्ध' विषयमा**, केन्द्रीय तथ्यांक विभागबाट '**राष्ट्रिय जनगणना सम्बन्धी विषयमा**' विषयवस्तु प्रस्तुत भयो।प्रस्तुतिपछि कार्यपत्रहरुमाथि छलफल भएको थियो ।

साथै, सहभागीहरुको तर्फबाट प्रदेश नं. २ का ८ वटा जिल्लाबाट जिल्ला समन्वय सिमितका प्रमुख तथा उपप्रमुख तथा यस प्रदेशका १३६ स्थानीय पालिकाका प्रमुख/अध्यक्ष, उपप्रमुख/ उपाध्यक्ष तथा प्रशासकीय अधिकृतहरुका साथै यस कार्यालयका सम्पूर्ण कर्मचारीहरु तथा कार्यालय सहयोगीहरु, सुरक्षाकर्मीहरु, सवारी चालकहरु तथा पत्रकार, शिक्षक/शिक्षिकाहरु ऐवं सर्वसाधारणको उपस्थिति रहेको थियो।(अनुसूचि-४ मा संलग्न रहेको)

विषय-सूचि

भूमिका	I
शब्द संक्षेपीकरण तालिका	II
प्रतिवेदनको कार्यकारी सारांश	III
१. परिच्छेद एकः परिचय तथा अवधारणा	१-२
१.१ प्रदेश समन्वय परिषद् बैठकको पृष्ठभूमि	१
१.२ प्रतिवेदन तयारीमा अवलम्बन गरिएको विधि	२
१.३ प्रतिवेदनको उदेश्य	२
१.४ प्रतिवेदन तयारीको सिमा	२
२. परिच्छेद दुईः बैठकका क्रियाकलापहरू	४-२८
२.१: उदघाटन सत्रः पहिलो दिन	४
२.२ कार्यक्रम सत्रः दोस्रो दिन	६
२.३ सहभागिहरुको जिज्ञासा र सुझाव	२८

अनूसूचिहरुः

अनुसूचिः १ प्रदेश समन्वय परिषद्को बैठक सञ्चालन कार्यविधि, २०७५

अनुसूचिः २ बैठकमा प्रस्तुत गरिएका कार्यपत्रहरु

अनुसूचिः ३ बैठकको कार्यतालिका

अनुसूचिः ४ प्रदेश नं. २ को नक्सा तथा जिल्ला र पालिकाहरुको नाम

अनुसूचिः ५ बैठकले गरेका प्रतिबद्धताहरु

अनुसूचिः ६ बैठकका केही क्षलकहरु

परिच्छेद-एक

परिचय तथा अवधारणा

१.१ प्रदेश समन्वय परिषद् बैठकको पृष्ठभूमिः

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको व्यवस्था गरेको छ । जस अनुसार संघ, प्रदेश र स्थानीय तहका आ-आफ्नो अधिकार र कार्यक्षेत्र तोकेको छ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश समन्वय परिषद्को व्यवस्था गरेको छ । प्रदेश र स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारको प्रयोग, प्रकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहहरुबीच समन्वय कायम गर्न वर्षको कम्तिमा एक पटक प्रदेश सरकारको तर्फबाट मुख्यमन्त्री संयोजक भएको हैसियतले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट परिषद् बैठकको आयोजना गर्ने व्यवस्था रहेको छ । सोही व्यवस्था बमोजिम यस परिषद्ले मिति २०७५/०५/१९ मा **"प्रदेश न २ को प्रदेश समन्वय परिषद्को बैठक सञ्चालन कार्यविधि,२०७५"** समेत पहिलो बैठकबाट पारित गरेको छ र हाल यो कार्यविधि कार्यान्वयनमा रहेको छ ।प्रदेश समन्वय परिषदमा देहायका पदाधिकारीहरु रहने व्यवस्था गरिएका छन् ।

(क) मूख्यमन्त्री---------- संयोजक,

(ख) प्रदेश सरकारकका मन्त्रीहरु---------- सदस्य,

(ग) प्रदेशको प्रमूख सचिव---------- सदस्य,

(घ) प्रदेश सरकारका सचिवहरु---------- सदस्य,

(ङ) प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुख---सदस्य,

(च) प्रदेशभित्रका गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुख----------सदस्य,

(छ) सचिव, प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालय-- सदस्य सचिव ।

१.२ प्रतिवेदन तयारीमा आवलम्वन गरिएको विधिः

यस प्रदेश समन्वय परिषद्को बैठकको प्रतिवेदन निर्माणको लागि प्राथमिक स्रोत र द्वितीय स्रोतको संकलन र विश्लेषण गरेका छौं साथै कार्यक्रम सञ्चालन संरचना अनुसार भएको कार्यविभाजन बमोजिम प्राथमिक स्रोत अन्तर्गत अतिथि, वक्ता, कार्यपत्र प्रस्तुतकर्ता आदि सबैजनाले उल्लेख गरेका र औल्याएका सान्दर्भिक घट्ना, विचार, कानूनी व्यवस्था, प्रचलन, व्यवहार, सूचना, योजना तथा कार्यक्रमहरुको टिपोट गरी सिलसिलेवार मिलाएर प्रतिवेदन लेखनको सामान्य ढाँचा तयार गरेका छौ ।

१.३ प्रतिवेदनको उदेश्यः प्रदेश र स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारको प्रयोग, प्रकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहहरुबीच समन्वय कायम गर्न, योजना निर्माण गर्न, शुशासन कायम गर्न सेवा प्रवाह सम्बन्धमा विचार विमर्श गर्न, कानूनी, वितीय तथा आर्थिक रुपमा सवल हुन आदि विषयमा दोहोरो अन्तरक्रिया गर्न प्रदेश सरकारबाट यसको आयोजना हुने गरेको छ ।

१.४ प्रतिवेदन तयारीको सिमाः

प्रदेश समन्वय परिषद्को बैठकको प्रतिवेदन निर्माणको लागि कार्यक्रमको स्वीकृत बजेट अनुसार खर्च र त्यही अनुरुपको कार्यक्रमको संरचना निर्माण, समय (२दिन) तथा स्थान (महोत्तरी जिल्लाको बर्दिवास) मा उपस्थित अतिथिहरु, वक्ताहरु, कार्यपत्र प्रस्तुतकर्ता, जिज्ञासु, सुझावकर्ता आदिबाट व्यक्त भएका र औल्याएका कुराहरुको टिपोट संकलन गरी तयार पारेका छौ ।

परिच्छेद-दुई

बैठकका क्रियाकलापहरू

२.१ उदघाटन सत्रः पहिलो दिन

श्रीमान् प्रमुख सचिव रामकृष्ण सुवेदीज्यूको स्वागत् मन्तव्य:

श्रीमान् प्रमुख सचिवज्यूले प्रमुख अतिथि, विशिष्ट अतिथिज्यूहरु तथा सहभागीहरु प्रति प्रेरणाजनक उपस्थितिका लागि कृतज्ञताको साथै हार्दिक धन्यवाद व्यक्त गर्दै २०७४ फाल्गुन ३ गते प्रदेश सरकार गठन भई प्रदेश भित्रका स्थानीय तहसँग एकाकार रहेर नागरिकका आवश्यकता र अपेक्षा अनुसार काम गर्न प्रदेश सरकार प्रयत्नरत रहेको कुरा बताउनु भयो ।

त्यस्तै, वहाँले विकासमा पछि परेका समुदायको शिक्षा र स्वास्थ्य अवस्थामा तीव्र गतीमा सुधार ल्याउन तदनुरुपका जनमैत्री नीतिहरु तर्जुमा गरी कार्यान्वयन गर्न प्रतिवद्धता व्यक्त गर्नुभयो । वहाँले जनउत्तरदायी शासन व्यवस्था संस्थागत गर्ने प्रयत्न, सेवाग्राहीमैत्री कार्यक्रम संचालन गर्ने बताउनु भयो । त्यस्तै, वहाँले प्रदेश नं.-२ को मूल समस्या भनेको सामाजिक विभेद, महिला हिंसा, दाईजो, सामाजिक मूल्य मान्यताहरुको समिक्षा गर्दै असल मूल्य मान्यतालाई निरन्तरता र अन्धविश्वासी परम्पराहरुको अन्त्य गर्दै प्रदेश नं.-२ का समथर अन्न भण्डारलाई समृद्धिको परिचायक बनाउन आवश्यक पहल भैरहेको जानकारी गराउनु भयो ।

त्यसैगरी, वहाँले प्रदेश सरकारले गरेका गतिविधिमाथि प्रकाश पार्दै आर्थिक सुशासन कायम गर्न प्रयत्न गर्ने भ्रष्टाचार प्रति शुन्य सहनशीलता, प्राचिन सभ्यता, धार्मिक ऐतिहासिक क्षेत्रको संरक्षण र सम्वर्द्धन, २३ वटा कानूनहरु निर्माण, २१ वटा विधेयकहरु तर्जुमा भई छलफलका क्रममा रहेका र अन्य धेरै कानूनहरु निर्माणको तयारीमा रहेका, साझा अधिकारको सूचिलाई मनन गरी कुनै द्विविधा नपर्ने गरी कानून निर्माण गर्नु पर्नेमा प्रदेश सरकार सचेत रहेको बताउनुभयो ।

अन्तमा, वहाँले प्रदेश सरकारले हालसम्म गरेका उल्लेखनिय कार्यहरुमा छोरी **शिक्षा विमा कार्यक्रम, कर प्रणाली एकरुपता ल्याउने प्रयास, वाल विवाह अन्त्यका लागि महिला**

शिक्षामा विशेष जोड, प्रदेशको दिर्घकालिन विकासका लागि आधार-पत्र तयारी, मध्यकालिन खर्च संरचना (MTEF) तर्जुमा, समानताको सिद्धान्त लागू गर्ने प्रयास, लैंगिक तथा सामाजिक समावेशिता मूलप्रवाहीकरण गर्ने प्रयत्न र प्रतिवद्धता तथा स्थानीय सरकार र प्रदेश सरकारहरु बीच सुमधुर, नतिजामूखि कार्यगत सम्बन्ध स्थापना गर्ने प्रयास हुने बताउनुभयो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका मा. प्रमुख आयुक्त नविन कुमार घिमिरेज्यूको उदघाट्न मन्तव्य:

मा. प्रमुख आयुक्तज्यूले आफ्नो मन्तव्य राख्ने क्रममा स्वच्छ, पारदर्शी र सदाचारितायुक्त शासन कायम गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग आफ्नो भूमिकाप्रति सचेत रही अत्यन्त जिम्मेवारीयुक्त रुपमा क्रियाशील रहनुको साथै यसका लागि आयोगले प्रवर्धनात्मक, निरोधात्मक र उपचारात्मक विधिहरु अवलम्बन गरेको जानकारी गराउनु भयो । उहाँले संघियता कार्यान्वयनको छोटो अवधिमा देखिएका कमि कमजोरीहरु प्रति सचेत र सजग हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सवै प्रदेश र स्थानीय तहमा ६१ बुँदे सुझावहरु सम्प्रेषण गरिएको कुरा बताउनु भयो ।

वहाँले, हामीले कस्तो संघीय शासन प्रणाली अर्को पुस्तालाई हस्तान्तरण गर्न खोजेका छौं भन्ने कुरा नै हाम्रो वर्तमान कार्यशैलीमा निर्भर रहने बताउँदै आयोगले ५ वर्षे रणनीति कायम गर्दै वर्तमानमा नेपालले प्राप्त गरेको ३१ अंकको स्कोरलाई ४१ अंकमा पुर्याउने लक्ष्य लिएको र ट्रान्सपेरेंसी इन्टरनेशनलले आर्थिक पारदर्शितामा ५० अंक भन्दा कम स्कोर ल्याउने मुलुकहरुलाई सुशासनयुक्त मुलुक मान्न नसक्ने भएकाले अहिलेको अवस्थामा हामी सुशासनयुक्त मुलुकका रुपमा चिनिन सकिएको छैनौं भन्दै आयोगमा परेको उजुरीहरुको संख्या अत्यन्त भयावह छ भन्नुभयो । हाल विविध प्रकृतिका ३,४४६ (तीन हजार चार सय छयालीस) वटा उजुरीहरु प्राप्त भएको छ, जुन आफैमा चिन्ताको विषय भएको बताउनु भयो ।

वहाँले, स्थानीय सरकार र जनप्रतिनिधिहरुको जीवनशैली, व्यवहार, आचरणले नै सरकारप्रती नागरिकहरुको धारणा बनाउने भएकाले तपाईहरुको आफ्नो सार्वजनिक पहिचान भने कै सरकारको समेत पहिचान हो भनी बताउनु भयो। नीति र नियतको मापन निकै जटिल छ । त्यसैले, सुशासन कायम गर्न प्रविधि र प्रणालीको विकास उत्तिकै आवश्यक देखिएको छ र आयोग नवीनतम प्रविधिको प्रयोग गरेर सुशासन कायम गर्न प्रतिवद्ध छ बताउनुभयो ।

वहाँले, आयोग रहरले नभई वाध्यताले मात्र कारवाहीको स्तरमा उत्रिन्छ । यसर्थ, आयोग बिनम्रतासाथ आग्रह गर्दछ, "**आयोगलाई कारवाहीमा उत्रिन पर्ने वाध्यात्मक अवस्था नआवोस भन्ने आग्रह छ**" बताउनुभयो । त्यस्तै, वहाँले औचित्य, आवश्यकता र प्रयोजन

विनाका आयोजनाका लागि जथाभावी बजेट विनियोजन, कानून विपरित बैठक भत्ता, सार्वजनिक खरिद ऐनको उपेक्षा, हतार-हतार र आ.ब.को अन्त्यमा मात्र बजेट खर्च गर्ने प्रवृति निकै हावी भएको देखियो बताउनु भयो ।दाजु अध्यक्ष भाई चाही स्काइभेटर लियर जाने गरेको, कार्य सम्पन्न नभई सम्पन्न भएको प्रतिवेदन दिने गरेको, विद्यालय निर्माणमा अनियमितता, आफ्ना मान्छे भर्ना गर्ने प्रबृती बढेको, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ४० वर्षको ईतिहासमा पहिलो चोटी ३८७ वटा मुद्दामा ८८% सफलता प्राप्त गरेको छ । स्वंय सेवकहरुलाई पहिलो महिनानामा केही नदिएको र दोस्रो महिनामा २५ हजार रुपैयाँको दरले दिएको । कुनै काम गर्दा विधिको अधिनमा रहेर गर्नुपर्छ, जो पनि विधिको अधिनमा हुन्छ।

वहाँले, कृषि अनुदानको दुरुपयोग धेरै भएको देखिएकाले अनुदान प्रणालीलाई तत्काल पुनरावलोकन गरी व्यवस्थित गर्नुपर्ने, जिल्लाको उत्पादनको अवस्था र मात्राको कुनै लेखा जोखा नगरी कोल्ड स्टोर बनाउने होड्वाजी कति उपयुक्त हो, होइन, आफै समिक्षा गर्नुहोला बताउनुभयो यस्ता कुरा छानविनका विषयबन्न सक्छ। त्यस्तै, वहाँले निर्वाचन क्षेत्र विकास कार्यक्रम वस्तुपरक रुपमा भन्दा फरक तरिकाले कार्यान्वयनमा रहेको पाइयो । आयोजना/कार्यक्रम छनौट, सहभागीमूलक र पारदर्शी नरहेको, खर्च पारदर्शी नभएको, आन्तरिक श्रोत वृद्धि गर्ने नाममा तत्काल र दीर्घकालिन रुपमा अत्यन्त नकारात्मक प्रभाव पर्ने प्राकृतिक श्रोत साधनको चरम दोहन भएको र त्यसप्रति कतिपय स्थानीय सरकार र जनप्रतिनिधिहरु उदासिन भएको, किर्ते उपभोक्ता समिति गठन गर्ने, ठेकेदारबाट काम गराउने, एकाघरका सदस्य नै कुनै जनप्रतिनिधि र कुनै ठेकेदार भएर समेत विकासका काममा अक्षम्य प्रकृतिका काम भएका उजुरीहरु प्राप्त भएका र अहिले प्रदेश नं. २ भित्रका २ (दुई) हजार भन्दा धेरै आयोजनाहरु अनुसन्धानको घेरामा छन् र जिल्ला र गाउँ-गाउँमा Rapid Sting Operation चलिरहेकोछ बताउनुभयो ।

अन्तमा वहाँले, भ्रष्टाचारसंग आयोगले कुनै पनि हालतमा सम्झौता नगर्ने । अनियमितताला‍ई टुलुटुलु हेरेर सहन सकिदैन र हुँदैन । यसर्थ, गलत काम गर्ने जो कुनैलाई पनि आयोगवाट उन्मुक्ति नहुने भएकाले अत्यन्त सजगतासाथ प्रचलित विधि, नीति नियमको पालन गर्ने तर्फ सवैलाई आग्रह छ भन्नुभयो । त्यस्तै, वहाँले जनकपुरधामको मन्दिरहरुको जीर्णोद्धारको उदाहरण सहित।, उक्त कार्य गम्भिर छानविनको दायरामा रहेको, किर्ते योजना, किर्ते अभिलेख, किर्ते समिति र किर्ते काम यति धेरै भए कि अव कुन किनारावाट छानविन र कारवाहीको प्रक्रिया थाल्ने हो भन्ने अवस्था आएको छ । व्यक्तिको चरित्रमा स्वंयखनलता आएको र त्यसबाट व्यक्तिको चरित्रमा दाग लाग्यो भने व्यक्ति र परिवार विग्रन्छ । तर भ्रस्टाचारको दाग लाग्यो भने त्यसले घर, परिवार, समाज सहित देश नै बिगार्छ । त्यसैले, अव असफल हुने छुट कसैलाई छैन । नागरिक उठ्ने अवस्था आयो भने त्यो समग्र राजनीति र राजनीतिक प्रणालीकै लागि प्रत्युत्पादक हुनसक्छ । यसैले, यसप्रति

अत्यन्त सजग रहन सवै प्रति बिनम्र आग्रह गर्नुभयो । निर्वाचन प्रणाली खर्चिलो हुनाका कारण वडाध्यक्ष हुन २५/३० लाख खर्च हुने अवस्थाले निर्वाचन प्रणालीको पूनरावलोकन हुनुपर्छ, सुशासन सूचक खर्च प्रणाली हुनुपर्छ, भ्रष्ट्राचार नियन्त्रण एकिकृत प्रयत्न, भ्रष्ट्राचारीलाई सामाजिक रुपमा दण्डदिनुपर्छ, संघियता, शुसाशान, स्थापनाको सन्दर्भममा भ्रष्ट्राचारका सम्बन्धमा मौन रहनु नै भ्रष्टाचार हुनु हो ।

माननीय प्रा.डा. पुष्पराज कडेल, उपाध्यक्ष, राष्ट्रिय योजना आयोग, सिंहदरवार,

वहाँले तीन तहका सरकारहरु मध्ये स्थानीय सरकार सवैभन्दा शक्तिशाली रहेको, प्रदेश र संघीय सरकारलाई विघटन गर्न सकिने तर स्थानीय सरकार विघटनको कुनै संवैधानिक व्यवस्था छैन भन्नुभयो । यसको आसय के-हो भने स्थानीय सरकारहरु जनतासंग रहेर जनताका लागि जनईच्छा अनुसार काम गर्ने भएकाले स्थानीय सरकारको विघटन सम्वन्धी व्यवस्था नभएको पो हो कि भन्नुभयो ।स्थानीय तहमा कार्यपालिका र न्यायपालिका दूईवटै निकाय एकै स्थानमा रहेका छन् । नेपालको संविधानले दिएको दायित्व के-हो..? नेपालको संविधानको धारा ५२ मा नेपाललाई समृध्द्ध तथा समुन्नत बनाउने जिम्मेवारी राज्यको दायित्व हुनेगरी तोकिएको छ ।यस प्रदेशको १३६ वटै पालिका समृद्ध भयो भने प्रदेश नं.- २ समृद्ध हुने हो।आफुसँग रहेका साधन श्रोत मध्ये १/३(एक तिहाई) हिसा रहेको छ, झण्डै एक तिहाई प्रदेश सरकारलाई र एक तिहाई स्थिर दायित्व सेना, प्रहरी, बृद्ध/बृद्धा, बच्चामा जान्छन् । कुनै पालिका, देश र प्रदेशको विकास त्यहीका जनताले गर्ने हुन् । स्थानीय तहमा ४ तहबाट अनुदान आएका हुन्छन् ।

वहाँले जनता सवैभन्दा विश्वाश गर्ने आफ्नो घर दैल्लोको स्थानीय सरकारले राम्रो काम गरे मात्र देश वन्छ । देश बन्नका लागि ७५३ स्थानीय सरकार नै व्यवस्थित र दुरगामी परिणामका कार्यक्रम सहित प्रस्तुत हुन सक्नु पर्दछ, वार्षिक रुपमा गाउँ / नगर सभा आयोजना गरी ऐन, नियम तर्जुमा, योजना छनौट, कार्यक्रम, बजेट पेश गरेर सभावाट स्वीकृति पश्चात मात्र लागू गर्नुपर्ने अनिवार्य प्रावधान समेत पुरा नगर्ने देशका जम्मा २२ वटा पालिका मध्ये १८ वटा पालिका यही प्रदेश नं.-२ का हुन्, स्थानीय तह मध्ये जम्मा ३ वटा पालिकाले मात्र ५ वर्षे आवधिक योजना बनाएको पाइयो, जुन नगण्य मात्र हो बताउनुभयो। हामीले बुझ्नुपर्ने कुरा के हो भने "**योजना नबनाउनु भनेको असफलताको योजना बनाउनु हो**" पर्याप्त योजना र Vision छ भने विकासको प्रकृया अगाडि बढ्न सक्छ । मध्यमकालिन खर्च संरचना तथा दीर्घकालिन योजना बनाउनु पर्दछ ।बनाउनुपर्छ। प्रदेश र स्थानीय स्तरमा योजना निर्माण जस्ता प्रशिक्षण कार्यक्रमहरु गरेमा आयोगले केन्द्रबाट प्रशिक्षक पठाई सहयोग गर्न तयार छ ।

वहाँले, यो पहिलो निर्वाचित सरकारले ५ वर्षे आवधिक योजना तर्जुमा गरी वाँकी रहेको ३ वर्षका कार्यक्रम कार्यान्वयन गर्ने र वाँकी कार्यक्रम गर्ने जिम्मेवारी भविष्यमा निर्वाचित

भइआउने स्थानीय सरकारलाई हस्तान्तरण गर्न सकियो भने मात्र व्यवस्थित र दुरगामी विकास कार्यले गति प्राप्त गर्दछ भन्ने कुरा बुझ्न र व्यवहारमा ल्याउन आग्रह गर्नुभयो ।

वहाँले, यो वर्षदेखि सवै स्थानीय सरकारले **मध्यकालीन खर्च संरचना (MTEF)** निर्माण गर्नुपर्ने अनिवार्य प्रावधान भएकाले यसतर्फ अग्रसर हुन अनुरोध गर्नुभयो । अव, आफु खुशी योजना छनौट गर्ने र कार्यान्वयन गर्ने नभई पालिका भित्रका आयोजनाहरुको **Project Bank** तयार गरी प्राथमिकता निर्धारण सहित वजेट सुनिश्चिचत हुने गरी प्राथमिकता निर्धारण गरिनु पर्दछ । १५ वर्षको अवधी सहित नेपालले पनि १९३ वटा राष्ट्र सहित दिगो विकासका लक्ष्यहरु कार्यान्वयनको चरणमा रहेको छ र यसलाई पुरा गर्न अझै १० वर्ष मात्र वाँकी रहेको छ । वि. स. २०१६ देखि २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्नका लागि दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गर्नुपर्ने जिम्मेवारी स्थानीय सरकार कै दायित्व भित्र पर्ने भएकोले आवधिक योजना तर्जुमा गर्दैका वखत दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि अग्रसर हुन आवश्यक छ ।

केही सामसामयीक विषयहरुः

गत् आ.व. २०७६/७७ को लागि १३६ स्थानीय तहबाट सम्पुरक अनुदान र विशेष अनुदान अन्तर्गत आयोजना माग गरिएकोमा केवल ६७ स्थानीय तहले मात्र प्रस्तावना सहितको निवेदन पेश गरेको जस मध्ये ५० वटा स्थानीय तहले अनुदान पाए, भने अरु स्थानीय तहले त प्रस्तावना नै पेश गरेनन् । यो वर्ष पनि उक्त अनुदानका लागि प्रस्ताव आह्वावान गरिएको छ । त्यसका लागि पौष मसान्तभित्र प्रस्तावना पेश गर्न सुचित गरिन्छ भन्नुभयो ।

वहाँले, आवधिक (मासिक, चौमासिक र वार्षिक) प्रतिवेदन पेश गर्ने प्रणाली अत्यत्न कमजोर र अनियमित छ । प्रतिवेदन प्रणाली कमजोर हुनु भनेको जवाफदेहिता नहुनु हो । राष्ट्रिय योजना आयोगले National Portal ल्याएको छ तर त्यहाँ धेरैले Data Feeding नगरेका कारण उक्त Portal प्रयोग विहिन भएको छ, यो जसले पनि प्रयोग गर्न सक्छ, त्यसैले निर्धारित समयमा प्रतिवेदन पेश गर्ने, समय-समयमा आन्तरिक समिक्षा र पृष्ठपोषण लिने दिने संस्कार वसाल्न अनुरोध छ भन्नुभयो।बजेट माग सम्बन्धमा अनलाईन मार्फत फारम भर्नुपर्छ, माथिबाट तल Resource जाने तर तलबाट सूचना (Information) र प्रगती माथि नजाने, प्रदेश समस्या समाधान समितिको माध्यमबाट अनुगमन गर्ने, स्थानिय सरकारको Reporting System नरहेको र राम्रो कामको समिक्षा गर्ने र गराउने व्यवस्था नभएको साथै नियमित रुपमा तथ्य र तथ्याङ्क तल तहकाले भर्नु पर्ने हुन्छ भन्नुभयो।

वहाँले वि.स.२०३० सम्ममा १७ वटा दिगो विकासका लक्षयहरु पुरा गर्नुपर्ने, आगामी २५ वर्षमा हामी विश्वका अति कमविकसित मुलुकबाट विकासउन्मूख मुलुकको दाँजोमा पुग्न स्थानीय सरकारहरु अत्यन्त गम्भीर रुपमा लाग्न जरुरी छ । अवको २ वर्ष पछि हामी अतिकम विकसित देश भएको कारणले पाउँने अनुदान प्राप्त गर्न सक्दैनौ, सुनकोसी मरिन

डाईभर्सनमा –२ अर्ब रुपैयाँ, चुरे संसक्षणको लागि अनुसन्धान भइरहेको, राम–जानकी परिक्रमा पथमा ध्यानकर्षण गरेका छौ । साथै संघीय सरकारले पनि स्रोत साधनको जोहो गर्दै राष्ट्रिय गौरवका आयोजनाहरु कार्यान्वयनका लागि प्रयत्नशील रहेकोछ, बताउनुभयो । सहकार्य गर्न तत्परताका साथै राष्ट्रिय योजना आयोग स्थानीय तहमा प्रदेश मार्फत जान चाहन्छ । हाम्रो समाजले जहिले पनि पैसा माथिबाट (अनुदान, ऋण, वजेट वा अन्य) को रुपमा आउने गरेको मात्र देखेका र सोचेका छन् यो सामन्ती संस्कार हो । हाम्रो सोच र संस्कार बदल्नु पर्छ, Foreign Aid लिई खर्च गर्छौं, करबाट पैसा संकलन गरी चलाउछौ, यो हाम्रो लागि सुनौलो अवसर हो, अव सधैं यस्तो रहदैन, २ वर्ष पछि नेपालमा अनुदान आउदैन, ऋण मात्र आउछ, सावा र व्याज सहीत फिर्ता दिनु पर्छ, रेमिटान्सले गर्दा आयात बढनेछ भन्नुभयो।

अन्तमा, वहाँले प्रदेश २ को मूल समस्या भनेको सामाजिक र आर्थिक क्षेत्रमा असमान विकास, शिक्षा र स्वास्थ्यको अवस्था बहुत कमजोर, मानसिक चेतनाको कमी र नेतृत्व वर्गको मानसिकता परिवर्तन गर्न नितान्त आवश्यक रहेको छ, जसका लागि प्रदेश र स्थानीय सरकारले प्रदेश भित्र विध्यमान सामाजिक विभेद, महिला हिंसा, दाइजो, सामाजिक मूल्य मान्यताहरुको समिक्षा समस्या रहुन्जेल सम्म प्रदेश नं.–२ को जिवनस्तर माथि उठ्न नसक्ने हुँदा असल मुल्य मान्यातालाई निरन्तरता र अन्धविश्वाशी परम्पराहरुको अन्त्य गर्न सफल रहोस भनी शुभकामना दिनुभयो।

माननीय डा. युवराज खतिवडा: संघीय अर्थमन्त्री

संघ, प्रदेश र स्थानीय तहको समन्वय कस्तो हुनु पर्छ ? कानून नबनाई गरेका राम्रा कामहरु पनि प्रश्न वाँचक हुन्छ । वहाँले स्थानीय सरकारले संविधानले दिएको अधिकार प्रयोग गरी आवश्यक ऐन निर्माण नगरेसम्म छाता ऐनका रुपमा संघीय ऐन नै लागू हुने भएकाले आफ्ना अधिकार क्षेत्रका विषयमा आफैले ऐन वनाएर लागू गर्न सकियो भने स्थानीय तहलाई बढी व्यवहारिक हुने भएकाले त्यस्ता आवश्यक ऐन निर्माण तर्फ लाग्न आवश्यक छ । कार्यविधि र कानून बनाएर मात्र काम गरौं भन्नुभयो । योजना, कार्यक्रम, खरिद योजना आदि अनुसार कार्य भएन भने भ्रष्ट्राचार भयो भन्ने हुन्छ त्यसैले त्यस्ता कुरामा विचार गर्नुपर्छ ।

वहाँले, वितिय संघीयता कार्यन्वयनको लागि ३/४ वटा कानूनको वारेमा जानकार रहनु पर्ने हुन्छ भन्नुभयो, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७५, स्थानीय सरकार संचालन ऐन, २०७४, सार्बजनीक खरिद ऐन, २०६३, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७५ र स्थानीय सरकार संचालन ऐन, २०७५ का कतिपय प्रावधानहरु एकापसमा बाझिएका छन् । यस्तो हुनु स्वाभाविकै थियो, किनकि, संघीय ऐन आउनु पुर्व नै कतिपय ऐनहरु आएका थिए । यी बाझिएका विषयहरुलाई सम्वोधन गरिनेछ बताउनुभयो ।

वहाँले, २०७५ असोज भित्र सवै ऐन कानून बनाइसक्नु पर्ने छोटो समय सिमा थियो संघीय सरकारलाई । त्यसैले, कतिपय ऐन कानूनहरु निर्माण गर्दा सरोकारवालाहरुसंग पर्याप्त छलफल गर्न सकिएन । यसर्थ, निर्मित ऐनमा कुनै सुझाव भए प्रदेश सरकार वा जि.स.स. मार्फत सुझाव पठाईदिनु भए सम्भव भएको हदसम्म यहाँहरुको सुझाव समेट्ने प्रयत्न गरिनेछ बताउनु भयो।जसले चेक काट्छ वा निकासा दिन्छ उसले लेखा परिक्षण गर्दैन, सार्वजनीक खरिद ऐन अनुसार खरिद प्रक्रिया अगाडी बढ्छ विस्तारै प्रदेशले कानून निर्माण गर्दै जान्छ, संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध, साझा अधिकार र जिम्मेवारी यी सबैलाई परिभाषित गर्ने ऐन आउदैछ । हाल, यो संघिय संसदमा प्रस्तुत छ । यो ऐन पारित भएपछि धेरै कुरा सम्बोधन हुन्छ ।

वहाँले, स्थानीय सरकारले आफ्नो खर्चको विवरण मन्त्रालयमा पेश गर्न वा पठाउन सकेका छैनन् । यो निकै गम्भिर प्रकृतिको अवस्था हो । अव आउने ऐनमा नियमित खर्चको विवरण पेश नगर्ने स्थानीय तहलाई चौमासिक निकासा नगर्ने वा रोक्ने भएकाले यस तर्फ ध्यान दिनुहुन अनुरोध गर्नुभयो । घर्रामा चेक राखेर वस्ने दिन गए, बजेट खर्च गर्न अन्तिम समय कुर्ने, त्यस्ता दिन पनि गए । काम नभएको भूप्तानी भई रहने, काम भएको भूप्तानी झुलाईरहने यस्ता काम नगर्न अनुरोध गरे, यस्तो गरेको अवस्थामा रू.५०,०००/ सम्म जरिवाना लेखा प्रमुखलाई गरिनेछ । बजेट फ्रिज हुने अवस्था आएमा जेष्ठ १५ गते सम्ममा नै गर्न सकिने छैन भन्ने घोषना गर्नु पर्छ र बजेट फ्रिज हुन्छ ।

वहाँले, अव डिजाइन इस्टिमेट अनुसारका सम्पूर्ण काम सम्पन्न गरेर कागजपत्र पेश गरेको १५ दिन भित्र भुक्तानी नगरिए, दण्ड जरिवाना तिर्नुपर्ने गरी ऐनमा व्यवस्था हुँदैछ । यसर्थ समयमै काम सम्पन्न गराई समय भित्रै भुक्तानी दिने व्यवस्था गर्नुहोला, चालु आर्थिक वर्ष भित्र नै आयोजना/कार्यक्रम सम्पन्न नहुने अवस्था भएमा चैत्र मसान्त भित्रैमा Surrender गर्नुहोला भन्नुभयो।

वहाँले, तराईको भूगोल सानो तर जनसंख्या ठुलो, कर्णाली भूगोल ठुलो जनसंख्या थोरै । यस्तो विविधतायुक्त अवस्थालाई मध्यनजर गर्दै उपलब्ध स्रोत विनियोजन र व्यवस्थापन गर्ने कार्य आफैमा जटिल भएकाले कतिपय कमजोरीहरु भएका हुनसक्छन् जसलाई समयक्रम अनुसार सुधार गर्दै लगिनेछ । आधुनिक उर्जाको अभाव, धुवाँको प्रदुषण, स्वास-प्रस्वास संक्रमण जस्ता प्रदेश -2 भित्रका मूल समस्याहरुलाई सम्वोधन गर्न २० वटा एजेन्डा रहेका छन् । व्यापक विधुत्तिकरण, उर्जाको विकास गर्न संघीय सरकार प्रयत्नशील छ । यसैगरी रौतहटमा गजेन्द्र नारायण स्मृति रिफरल स्तरका अस्पताल निर्माण गर्ने, तराई मधेस समृद्ध कार्यक्रम, तराई प्रदेश पूर्वाधार कार्यक्रम मार्फत प्रदेशको समग्र विकासका लागि सरकार स्रोतको सुनिश्चित गर्न प्रतिवद्ध छ । पूर्वपश्चिम पथलैया देखि कंचनपुर राजमार्ग स्तरोन्ती शुरु, जयनगर-जनकपुर-बर्दिबास र सिमरा - बीरगंजमा ३/४ महिनामा Standard Gaze को रेल संचालन हुदैछ, कोसी पुलको निर्माण प्रक्रिया शुरु, हुलाकी राजमार्गमा कडा साथ लाग्ने, कतै कतै मात्र प्रगति गएको हुँदा निर्माण व्यवसायीहरुलाई गुणस्तरको काम छिटो गरिदिन अनुरोध

गर्दछु, नविकरणिय उर्जाका माध्यमबाट अघि बढदैछौ, । कृषिको रुपान्तरण गर्न सिंचाईको लागि सुनकोशी मरिन डाइभर्सन, चन्द्र नहर, वागमति, कमला संचाई, वर्दिवास–खुर्कोट सुरुंग मार्ग निर्माण, अन्तर्राष्ट्रय सीमामा पहुँच र व्यवस्थापन, जलेश्वर भन्सार नाका व्यवस्थापन गर्ने, राजस्व कार्यालय विस्तार र व्यवस्थापन हुँदैछ बताउनुभयो । ढल्केवर–मुजफरपुर प्रसारण लाईनबाट २ वर्ष पछि विद्युत बिक्रि गर्छौं र ढल्केवर विद्युत लाईनको हब वन्दैछ ।

वहाँले, **Game Changer** आयोजनाका रुपमा जनता आवास कार्यक्रमलाई (सप्तरी, सिराहा, कपिलवस्तु) थप प्रभावकारी वनाउने दायित्व (कुनै पनि परिवार असुरक्षित आवासमा वस्नु नपरोस) आवधिक निर्वाचन प्रणाली अत्यन्त महँगो भएकाले पनि आर्थिक अनियमितलाई प्रसय दिएको । त्यसैले **Electoral Reform र Dowry Reform** आवश्यक छ । यी दुई कुरामा ध्यान दिनुका साथै महिला हिंसा, वालविवाह जस्ता समाजिक विकृति र विसंगति अन्त्यका लागि नर्सिङ क्यापस, उच्च शिक्षमा प्राविधिक र विज्ञानमा जोड दिनुपर्छ, उच्च शिक्षामा महिलालाई बढी जोड दिनुपर्छ भन्नुभयो।

वहाँले, अनुदानमा तीनै तहका सरकारहरु प्रतिस्पर्धा गर्ने तर कतिपय अनिवार्य जिम्मेवारीमा पन्छिने र एकले अर्कोलाई दोषारोपण गर्ने प्रवृति छ । राजस्व अधिकारको पूर्ण प्रयोग हुन नसकेसम्म आफ्नो आन्तरिक अवस्था सधै परनिर्भरता रहिरहन्छ जसले संघीयतालाई बलियो बनाउदैन, **राष्ट्रिय समन्वय परिषदले** तिनै तहका सरकारलाई एकै ठाउँमा राखेर राष्ट्रिय चिन्तन र शक्ति सिर्जना गर्ने भएकाले राष्ट्रिय समन्वय परिषद्लाई थप व्यवस्थित गर्ने प्रयत्न हुँदैछ । यसै गरी प्रदेश समन्वय परिषद, स्थानीय तह र प्रदेश सरकारको साझा थलो हो । यसलाई थप प्रभावकारी बनाउने, स्थानीय तह र प्रदेश सरकारबीच रहेका असहमति र असमझदारीहरु केहि भए त्यसको निराकरण गर्ने अधिकारका साझा सूचिहरुका लागि आपसी परामर्शमा ऐन कानून बनाउने जस्ता कार्यमा प्रदेश समन्वय परिषद सफल रहोस, हार्दिक शुभकामना व्यक्त गर्नुभयो।

मा. लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश सरकार (अध्यक्ष, प्रदेश समन्वय परिषद्) :

मा. मुख्यमन्त्रीज्यूले प्रमुख र विशिष्ट अतिथिहरुबाट प्राप्त सारगर्भित सुझाव र सहयोगको प्रतिबद्धताका लागि धन्यवाद दिंदै संघीय सरकारले लिएका नीति, योजना तथा कार्यक्रमका बारेमा जानकारी भयो । मानव विकास सूचांकमा पछि परेका प्रदेशहरुलाई विशेष प्रकृतिका सहयोग आवश्यक रहेको, सुशासन विना समृद्धिको कल्पना गर्न सकिदैन भन्नुभयो । त्यसैले, सुशासन भन्नका लागि मात्र नभई व्यवहारमा प्रतिविम्वन गर्नका लागि हो भन्ने मनन गरौ ।

आर्थिक अनियमितता भनेको सामाजिक अपराध हो । यसैले पनि प्रदेश सरकार सुशासन विधेयक तर्जुमा गरी प्रदेश सभाबाट पारित गराउन प्रयत्नशील छ भन्नुभयो ।

वहाँले, जनताबाट उठाइएको करको रकममा आर्थिक अपारदर्शिता गर्यौं भन्ने हाम्रो स्तर र अवस्था के हुन्छ, कल्पना गरौ । यसैले, हामी सबै जनप्रतिनिधिहरुले नैतिकता, इमान्दारिता र सदाचारितालाई जीवनशैली बनाउन आवश्यक छ ।अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखले इंगित गर्नुभएको क्षेत्रमा हामी सचेत भएनौ भने जुनसुकै बेला हामी दुर्घटनामा पर्न सक्छौ । त्यसैले, सुशासन कायम गर्नु हाम्रो अनिवार्य जिम्मेवारी हो । उपलब्ध साधन, स्रोत जवाफदेही रुपमा परिचालन भएको छ कि छैन भन्ने कुराले हाम्रो काम गर्ने तौर तरिका र नियतलाई समेत प्रस्ट्याउछ । सम्मानित् सर्वोच्च अदालतको फैसला पश्चात जनप्रतिनिधिहरुको पारिश्रमिक रोकिएको छ । यस्तो अवस्थामा प्रदेश सरकार, स्थानीय जनप्रतिनिधिकहरुको लागि संविधान र विधिसम्मत् र स्वीकार्य हुने गरी सेवा तथा सुविधाहरु हुने गरी कानून बनाउने प्रयत्नमा छौ भन्नुभयो।

वहाँले, **बेटी बचाउ**, **बेटी पढाउ** प्रदेश सरकारको मात्र कार्यक्रम नभई हामी सबैको साझा कार्यक्रम हो । वि. स. २०७५ माघ १ पछि जन्मेको छोरीहरुलाई १ लाखको विमा गरिदिएका छौं, र वि.स. २०७५ फाल्गुन १ गतेबाट सम्माननिय राषट्रपति विद्या देवी भण्डारी ज्यूबाट थप अनुदान प्राप्त भएको हुँदा यसलाई निरन्तरता दिने छौ। यि प्रदेभित्रका सबै छोरीहरुको विमा गर्ने यो कार्यक्रम पालिका पालिकामा पठाउने गरेका छौ। यसका लागि घुम्ती विमा कार्यक्रम शुरु भइ अहिलेसम्म १० हजार छोरीहरुको विमा सम्पन्न भैसकेपछि, अब, यसलाई अभियानका रुपमा संचालन गर्ने क्रमले तीब्रता लिएको छ । आगामी दिनमा यो कार्यक्रम क्रमशः स्थानीय सरकारलाई नै हस्तान्तरण गरिनेछ । प्रदेश सरकारले जति बजेट Contribute गर्छ कम्तिमा त्यति नै वा सो भन्दा बढी स्रोत तपाईहरुले Contribute गरेर यसको पूर्ण सफलता सुनिश्चित गर्न सकिनेमा पूर्ण विश्वस्त छु । छोरी २० बर्ष पुग्दा उनी कम्तिमा २०/२५ लाखको हकदार बनेको हेर्ने हामी सवैको चाहना छ भन्नुभयो । पालिकाले Double गरिदिए सवै छोरिहरुले विमा बढ्नेछ । यही माघ २ गते देखि शुरु हुने "**विमा शिविर अभियानमा**" पालिकाले सक्रिय सहभागिता देखाउन अनुरोध छ ।

वहाँले २० बर्ष उमेर नपुगी विवाह भएका महिलाबाट जन्मिएका छोरीहरुको हकमा पनि यो व्यवस्था लागू गर्नु पर्छ । केही कानूनी जटिलता होलान् त्यसलाई विधिवत फुकाउदै लैजानुपर्नेछ । किनकी २० बर्ष नपुगेका आमाबाट जन्मिएका वालवालिकाको यसमा कुनै दोष हुँदैन । उनीहरुको के गल्ती । वालिकाको हक मार्नु हुँदैन । सरकार परिवर्तन भएपनि छोरीको खातामा २० वर्ष पछि २५ लाख रहनेछ । नवजात शिशु वा प्रसुती भएका महिलालाई डक्टर, हेल्थटेस्ट, पिठो, कम्बल के हुन सक्छ सहयोग गरी छोरी जन्मिसकेपछ तीनलाई शसक्त बनाउनु पर्छ । प्रदेश नं. २ का सरकारले यस प्रदेशमा छोरीहरुको लागि १४ हजार साईकल वितरण, लोक सेवा तयारी कक्षा सञ्चालन, जनसंख्याको आधारमा समावेसिताको सिद्धान्त अनुरुप ५०% महिलाको लागि Seat Reserved गरिएको पहिलो प्रदेश हो । छोरीलाई बचाउन,

पढाउन, वाल विवाह र महिला हिंसा रोक्न मात्र सकियो भने पनि हामी प्रदेशहरु मध्ये एक नम्बर प्रदेश बन्ने कुरामा निश्चिन्त भए हुन्छ ।

वहाँले, कुनै पनि कार्यक्रम बनाउदा विभेदमा परेका, विकासको मूल प्रवाहमा समेटिन नसकेका जात, जाति, वर्ग समुदायलाई लक्षित गरेर कार्यक्रम बनाऔ । लैंगिक समानता र सामाजिक समावेशिता हाम्रो मूल मन्त्र हुनुपर्दछ । विकास निर्माण र सामाजिक आर्थिक रुपान्तरणका लागि प्रदेश सरकार सधै स्थानीय सरकार सँगै रहनेछ बताउनुभयो । पालिकाले वार्षिक सभा गर्दा र योजना तर्जुमा गर्दा सम्बन्धित प्रदेश सभा सदस्य, प्रतिनिधि सभा सदस्यहरु र प्रदेश सरकारसँग समेत परामर्श गर्ने, सुझाव लिने, दिने तथा कार्यक्रममा पर्ने दोहोरोपनाहरु हटाउने पक्षमा ध्यान दिन अनुरोध गर्दै स्थानीय सरकार आफैमा स्वतन्त्र सरकार हो र यसले कुनै कसैसँग सुझाव लिन र सल्लाह गर्ने आवश्यक छैन भन्ने एकलकाटे सोचबाट निर्देशित भएर हिड्यौ भने हामी लक्ष्यमा पुग्न सक्दैनौ । के कस्ता प्रादेशिक स्तरका कार्यक्रम आयोजना आवश्यक छन् त्यस्ता पक्षमा गहन छलफल गरौं । यसका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउँनुभयो।

वहाँले, हाम्रो प्रदेश जुन रुपमा चित्रित छ (बेरुजु धेरै, महालेखा परिक्षण समयमा हुन नसकेको, समयमै बार्षिक सभा सम्पन्न गर्न नसकेको) त्यसको स्वरुपमा सकारात्मकता ल्याउने जिम्मेवारी अरुको नभई हाम्रै हो । यसमा एकले अर्कालाई दोषारोपण गर्नुभन्दा मिलेर काम गर्नु आवश्यक छ । प्रादेशिक पारामिटर तयार गर्ने, स्थानीय, प्रदेश र संघलाई एउटै पारामिटर बनाई एक भएर अगाडी बढनु पर्दछ । प्रदेश सरकारले सुशासनन सम्बन्धी विधेयक प्रदेश सभाबाट पारित गरी भ्रष्ट्राचारमा बदनाम स्थानीय र प्रदेशलाई यसबाट निर्मूल गर्नु पर्दछ । संघियताको पहिलो अभ्यासमै हामीले जनताले थेग्नै नसक्ने कर थोपरियो भने त्यो जनताप्रति न्याय हुँदैन । त्यसैले नागरिकले तिर्नसक्ने अनुसारको करको दर लागू गरौ । करबाट प्राप्त रकमलाई नागरिकले प्राप्त गर्ने सेवासंग जोडौ ताकी हामीले तिरेको करका कारण यो-यो सेवामा गुणात्मकता आए र यो-यो सेवामा सहज पहुँच भयो भन्ने अनुभूति गर्न सकून भन्नुभयो। कर गरेर होईन सुविधा दिएर सेवा प्रवाह गरौं ।

वहाँले, अस्थायी शिक्षक जसले जीवनका उत्पादनशील समय देश र जनताको सेवामा बिताए तर श्रम ऐनको हिसाबले पनि बीचमा आएर हठात हटाउँदा उनीहरु सामाजिक र पारिवारिक जिम्मेवारी पुरा गर्न नसक्ने अवस्थामा छन् । यस्तो अवस्थामा स्थानीय सरकारहरु मानवीयताका हिसाबले उनीहरु प्रति सकारात्मक बन्न सके राम्रो हुन्थ्यो । आधारभूत शिक्षा स्थानीय तहको अधिकार क्षेत्र भित्रको विषय भएकाले यसमा प्रदेश सरकार केवल अनुरोध मात्र गर्न सक्छौ, निर्देशन गर्ने अधिकार हामीलाई छैन बताउनुभयो । नियम बनाई तिनिहरुलाई व्यवस्थापन गरिदिनुहोस् । समस्यामा सकारात्मक भइ दिनुस, स्पस्ट धारणा होस् ।

वहाँले, स्थानीय तहको कर्मचारीहरुको पदपूर्ति गर्ने जिम्मा प्रदेश लोक सेवा आयोगको हो । अव, प्रदेश सरकार आफ्नो क्षेत्र भित्र Organization and Management Survey

अध्ययन गर्दैछ र यसका लागि Nepal Staff college सँग अनुबन्धन गरिसकेका छौ । सोहि अनुसार सर्वेक्षण भइसकेपछी प्रदेश लोक सेवा आयोगले क्रमिक रुपमा स्वीकृत दरबन्दी अनुसार कर्मचारी आपूर्ति गर्दै लानेछ र कर्मचारीको अभावमा काम रोकिने, स्रोत परिचालन गर्न नसकिने अवस्था आउदैन । प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुका लागि वृहत रुपमा क्षमता विकासका कार्यक्रम संचालन गर्ने तयारीमा छौ र यसका लागि प्रदेश स्तरमा सुशासन प्रर्वधन केन्द्र स्थापना गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग साझेदारितामा PLGSP नामको कार्यक्रम शुरु हुने क्रममा रहेको छ । Ignorance of Law is not excused संविधान, ऐन, कानून, विधि, विधान, योजना मूल्यांकन सुशासनका अवयव हुन, यस्ता पक्षहरुमा स्थानीय सरकारको कार्य दक्षता विस्तार गर्ने कामलाई प्रक्रियाका रुपमा निरन्तरता दिइने छ यसको लागि प्रदेशस्तरीय Staff college को स्थापना गर्ने छौं । प्रदेश र स्थानीय तहका मुद्दाहरुलाई अहिलेसम्म महान्याधिवक्ताको कार्यालयबाट पैरवी हुँदै आएकोमा अव उप्रान्त प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयबाट वहस पैरवी गर्ने सम्बन्धमा प्रदेश कानूनी सहजकर्ता (वकिल) ले जिल्ला जिल्लामा कार्यालय स्थापना गरी वहस पैरवी गरीरहेको बताउँनुभयो ।

श्रीमान् मुख्य न्यायाधिवक्ता दिपेन्द्र झा: मुख्यन्यायाधिवक्ताको कार्यालय

वहाँले, प्रदेश सरकारलाई Legitimacy हुनेगरी कतिपय कानून निर्माण गरियो भने स्थानीय तह र प्रदेश सरकार बीच कार्यगत सम्बन्ध विस्तार हुने गरी जिल्ला समन्वय समितिलाई अनुगमन, मुल्यांकन तथा पृष्टपोषण तथा knowledge Management जस्ता प्रयोजनका लागि Mandatory गराउन उपयुक्त हुने, प्रदेश सरकार स्थापना भएको छोटो समय मै धेरै महत्वपूर्ण कानूनहरु निर्माण गर्न प्रदेश सरकार सफल रहेको । २३ वटा कानूनहरु निर्माण भएका छन् । अन्य धेरै कानूनहरुको मस्यौदा तयार भई छलफलका क्रममा रहेका छन् जस्तैः प्रदेश सार्बजनिक खरिद विधेयक, सुशासन सम्बन्धी विधेयक, यो विधेयक ऐन बने पश्चात **सुशासन आयोगको गठन** हुनेछन् । प्रदेश प्रहरी सम्बन्धी नियमावली तथा अन्य कतिपय कानूनहरु निर्माणका लागि प्राथमिकताको सूचिमा रहेका छन् ।

यस्तै, कतिपय कानूनहरु संघीय कानून निर्माण पश्चात मात्र तयार गर्न सकिने भएकाले संघीय संसदबाट ती कानूनहरु निर्माणको पर्खाइमा छौ । स्थानीय सभाको बाद-विवाद प्रदेश सभाले समाधान गर्नेछ । संघ सरकारले प्रदेश सरकारलाई, प्रदेशले र संघले स्थानीय पालिकाहरुलाई समन्वय सहकार्य गर्नु पर्ने अवस्था छ । प्रदेश सरकारले खस आर्यको हकमा ४.६% आरक्षणको कानूनी व्यवस्था गर्ने भएको छ । स्थानीय तह तथा प्रदेश सरकारका कुनै पनि अंगलाई कुनै कानूनी सल्लाह परामर्श आवश्यक परेमा मुख्य न्यायाधिवक्ताको कार्यालय यथाशीघ्र सहयोग गर्न प्रतिवद्ध रहेको बताउनुभयो।

माननीय डा. भोगेन्द्र झा: उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग

वहाँले, प्रदेशको विकास अवधारणा पत्र तयार भएको । प्रदेशको Demographic profile तयार भई योजना तर्जुमाका लागि सहयोगी सिद्ध भएको । स्थानीय सरकार र प्रदेश सरकारबीच सहभागीमूलक पद्धतिको अवलम्बन गरी योजना तर्जुमा खाका निर्माणका क्रममा रहेको । यस बारे स्थानीय सरकारसँग थप छलफल गरिने । विकासका विभिन्न आयाममा पछाडी परेको हाम्रो प्रदेश नं.-२ को दिगो विकासका लक्ष्यका लागि उपलब्ध स्रोत र साधनको समानुपातिक र न्यायोचित वितरण आवश्यक रहेको बताउँनुभयो ।

जयनारायण आचार्य : सह सचिव संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय

वहाँले, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रदेश र स्थानीय सरकारको क्षमता अभिवृद्धि गर्न प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम संचालनमा ल्याइएको । PLGSP कार्यक्रम संघियताको मर्म अनुसार पूर्ण रुपमा प्रदेश सरकारद्वारा संचालन गरिने । यसका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत प्रादेशिक कार्यक्रम समन्वय इकाई PPIU रहने । प्रदेश स्तरमा कार्यक्रमलाई नीतिगत रुपमा निर्देशन दिन, कार्यक्रमको समग्र रेखदेख नियन्त्रण गर्न माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा विभिन्न सरोकारवालाहरु सम्मिलित प्रदेश कार्यक्रम समन्वय समिति रहने । नयाँ संविधानद्वारा मुलभूतरुपमा प्रदेश तथा स्थानीय संरचना, शासन प्रणाली र शासन संचालन विधिमा परिवर्तन भएकाले बदलिदो परिस्थितिमा प्रदेश र स्थानीय सरकारको क्षमता अभिबृद्धि आवश्यक रहेको बताउनुभयो।

वहाँले, उद्देश्य वारे चर्चा गर्दै प्रदेश तथा स्थानीय शासन प्रणाली र प्रकृयाहरु एवं अन्तर सरकारी सम्बन्ध सुदृढ गरी नागरिकहरुका लागि सरकारी संघीयताका लाभहरु अभिवृद्धि गराउने । प्रादेशिक तथा स्थानीय तहको क्षमता अभिवृद्धि गरी नागरिक सेवा र विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्ने बताउँनुभयो।

नारायण प्रसाद भट्टराई : प्रमुख क्षेत्रिय अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिवास

वहाँले, प्रदेशनं.-२ को समग्र अवस्था र अख्तियार अनुसन्धान बर्दिवास कार्यालयको Observation र क्रियाशीलता सम्बन्धमा सार संक्षेप प्रस्तुति गर्नुभयो।

कृष्णहरी पुस्करः सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय

सचिवज्यूले आन्तरिक मामिला तथा कानून मन्त्रालयका चुनौती, अवसर र भावी कार्यक्रम बारे प्रस्तुति गर्नुभयो ।

(कार्यक्रमका अध्यक्ष तथा माननीय मुख्यमन्त्रीज्यूबाट पहिलो दिनको कार्यक्रम समापन भएको धोषणा गर्नुभयो ।)

कार्यक्रम सत्रः दोस्रो दिन

(पौष २७, २०७६)

परिषद्को दोश्रो दिनको अध्यक्षता : मा. मुख्यमन्त्री श्री लालबाबु राउतज्यूले गर्नुभयो भने विशिष्ट अतिथिको रुपमा मा. उपाध्यक्ष, राष्ट्रिय योजना आयोगका डा. श्री पुष्पराज कंडेल तथा मा. महालेखा परीक्षक टंकमणी शर्मा दंगाल हुनुहुन्थ्यो । अतिथिको रुपमा राष्ट्रिय योजना आयोगका सदस्य मा. डा. उषा झा हुनुहुन्थ्यो ।

मा. डा. उषा झाः सदस्य, राष्ट्रिय योजना आयोग

वहाँले, राष्ट्रिय लक्ष्य प्राप्तीमा हामी सबैको साझा दायित्व हो र हाम्रो काम गर्ने तौर तरिका शैली र प्रतिवद्बतामा निर्भर रहने, हाम्रो काम गर्ने स्थल मात्र फरक-फरक हो, तर जिम्मेवारी र दायित्व उस्तै उस्तै छन् । यसैले निरन्तर संवाद, पृष्टपोषण आदान प्रदान र सिकाईलाई संस्थागत गर्दै लैजानुपर्ने बताउनुभयो ।

वहाँले, हरेक नागरिक शिक्षित, स्वस्थ, समृद्ध र सभ्य रहेको अवस्था र विकासमा कोही पनि पछि नपरुन Ensure that no one is left behind र दीर्घकालिन सोंच बनाएर मात्र अगाडी बढ्न सकिने । United Nation को सोच कसैलाई नछोडने हरेक Single नागरिकलाई समृद्ध बनाउने लक्ष्य प्राप्तिका लागि सबै सरोकारवालाहरु Aligned हुनुपर्ने र विकासका कुरा गर्दा मानवीय पुँजीलाई सर्वोपरी ध्यान दिनुपर्ने र हाम्रा धेरै कार्यक्रमहरु Failure हुनुको प्रमुख कारणमा नातिजामुखी योजना तर्जुमा र अनुगमन प्रणाली नहुनु प्रमुख कारण भएकोले Result Based Monitoring को अभ्यास गर्न ढिलो भैसक्यो भन्नुभयो । समयमानै आयोजना प्राप्त गर्ने र समयमा नै पूरा गर्नु पर्ने हुन्छ । के कार्य गरेको हो सोको प्रतिवेदन दिनुपर्छ, यसले आत्मनुशासनको रुपमा विकास भई राष्ट्रलाई विकासको बाटोमा लैजान्छ ।

मा. टंकमणी शर्मा दंगालः महालेखा परीक्षक, महालेखा परीक्षकको कार्यालय

वहाँले, अधिल्ला भेटघाटमा छलफल भएका र प्रतिबद्धता जनाइएका विषय र अहिलेको अवस्था हेर्दा खासै भिन्नता र उपलब्धी अनुभूति गर्न पाइएन । अवस्थामा सुधार हुन नसक्नुको खास कारणहरुको खोजी र निदानका उपायहरुको खोजी गर्नुहुन् अनुरोध छ भन्नुभयो । उहाँले जनप्रतिनिधिहरु भनेका सार्वभौम जनताले पत्याएका व्यक्ति हुनुहुन्छ र पत्याईरहने अवस्था रहोस भन्ने चाहना हो जसले गर्दा देशले सम्वृद्धिको गति लिन सकोस, जुन कुरा धेरै हदसम्म यहाँहरुसँग निर्भर छ । संघियताको अभ्यास गर्न थालेको तीन वर्ष पुग्न लाग्यो । जनताले हामीलाई कसरी हेरेका होलान् त्यति मात्र हेक्का राख्न सकिए पनि धेरै कुरामा सुधार हुने देखिन्छ । मध्यावधी अनुसारको मूल्याङ्कन गर्नुस। संविधान, र आ-

आफ्ना कामसँग सम्बन्धीत ऐन, नियम मार्फत जानकारी हुनुस /लिनुस्। संविधानले ५ वटा सिद्धान्तः नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेतको विचार गरी महालेखा परीक्षकबाट लेखापरीक्षण गर्दछ र यसमा कुनै आग्रह पूर्वाग्रह रहदैन । गलत कामलाई किमार्थ प्रसय दिईने छैन ।

वहाँले, यस विचमा सातै प्रदेशका लेखा समिति र Auditor General बीच वैठक भइ आर्थिक अनुशासनलाई प्रभावकारी वनाउने प्रतिवद्धता र कार्ययोजना समेत तर्जुमा हुँदै गरेको अवस्था रहेको र हामी सवै नेपालको संविधानवाट निर्देशित छौं । तपाईहरुले संविधानप्रदत्त आफ्नो अधिकार निर्वाह गर्नुभएको छ भने हामीले पनि नेपालको संविधानको भाग–२२ अन्तर्गत रहेको धारा–२४० र २४१ ले दिएको अधिकार सहितको जिम्मेवारी निर्वाह गर्दैछौं । दुर–दराजका गाउँपालिका र सिंहदरवारका लागि महालेखा परिक्षक उस्तै हो बताउनुभयो। Check and Balance गर्न केही गर्नु पर्छ..? कि, स्थानीय सरकार सञ्चालन ऐनमा संशोधन गर्नु पर्छ की..? सिंहदरवारको अधिकार र श्रोत साधन स्थानीय तहमा गएको हुनाले महालेखा परीक्षकको ध्यान यतातिर केन्द्रित भएको हो ।

वहाँले, महालेखा परिक्षकले सवै तहका सरकार र सरकारी निकायहरुको महालेखा परिक्षण गरेर प्रत्येक वर्ष राष्ट्रपतिलाई तथ्यगत प्रतिवेदन पेश गर्ने जिम्मेवारी रहेकोछ र उक्त प्रतिवेदन संसदमा समेत छलफल हुने व्यवस्था रहेको कुरा जानकारी नै होला । यसै गरी स्थानीय तहले पनि महालेखा परिक्षण प्रतिवेदन प्राप्त भएपछि स्थानीय सभामा छलफल गराउने अभ्यासको थालनी भएको होला, भन्ने विश्वाश छ । यो अभ्यास नगरेको भए गराउन शुरु गर्नुहुन अनुरोध छ । यो संवैधानिक दायित्व हो बताउनुभयो । स्रोतको दुरुपयोग भयो भने जुनसुकै बेला लेखापरीक्षकले हेरी Report गर्न सक्छ ।

वहाँले, संघियता कार्यन्वयन पश्चात ठुलो अंश वजेट स्थानीय तहमा पुगेको हुन्छ । यसर्थ स्वाभाविक रुपमा महालेखा परिक्षकको ध्यान पनि यो ठुलो धनराशी विधिसम्मत रुपमा परिचालन होवोस् भन्ने सोंच अनुरुप स्थानीय स्तरमा बढी केन्द्रित हुनुपर्ने आवश्यक्ता छ र रहेको पनि छ । देशका सातै प्रदेशको वेरुजु र आर्थिक अनियमितताको तुलना गर्दा दुःखका साथ भन्नैपर्ने हुन्छ प्रदेश नं.–२ को अवस्था अरुभन्दा निकै बढी देखिन्छ । यसका बिभिन्न Factor होलान् कतिपय विषयहरु अज्ञानताका कारण पनि होलान्, तर लेखाको सिद्धान्तमा अज्ञानता स्वीकार्य मानिदैन । महालेखा परिक्षण खासमा चिकित्सक जस्तै हो जसले आर्थिक पक्षमा देखिएका रोगहरु देखाएर अव यो–यो काम नगर्नुहोला भनेर औल्याउने र औषधि prescribe गर्दछ त्यो भनेको कमेन्ट र सुभाव हो । यदि त्यसलाई वेवास्ता गर्नुभयो भने त्यसको जिम्मेवार आफै हुनुपर्नेछ र त्यसको परिणामको अनुमान पनि आफै गर्न सक्नुहुन्छ । सवै मानिस रोगी छन् भन्ने मान्यता राखेर रोग जाँचिदैन । ठीक त्यस्तै OAG ले पनि सवै मानिस निरोगी छन् भन्ने मान्यता राख्छ तर मान्यता र यथार्थता वीच धेरै भिन्नता देखियो भन्नुभयो । समग्रमा अनियमितता र बेरूजुलाई तथ्याङ्कमा हेर्दा संघ ५.०% , प्रदेश ७.२५% र स्थानीय तहमा ६.५% यसबाट के देखिन्छ भने प्रदेश स्तरमा सबभन्दा

बढी हो र त्यसमा पनि प्रदेश नं.-२ मा सबभन्दा बढि वेरूजु वा अनियमितता भएको कुरा बहुत दुःखका साथ भन्न परिरहेको बर्तमान अवस्था छ । विधिवत रुपमा स्रेस्ता र कागजपत्र हेर्छौं हामी व्यवहारिकता हेर्दैनौ।

वहाँले, चैत्रमा Auditor General को Report आउँछ, वर्ष भरिको कामको फर्छौट गराउनु पर्छ, वर्षभरिको काम ठीक छ भने मात्र Auditor General ले सही गर्छ । सुन्दा मात्र पनि असहज लाग्ने खालका काम भएको महालेखा परिक्षण गर्न आउने अडिटरहरुलाई आवश्यक स्रेस्ता कागज पत्र पेश नगरेको पेश गर्न आल-टाल गर्नुलाई सामान्य अवस्था मान्न मिल्दैन प्रदेश नं.-२ का १३६ स्थानीय तह मध्ये ७७ स्थानीय तहको महालेखा परिक्षण हुन सकेन । जसले महालेखा परिक्षण गराउनु भएन त्यसको परिणाम अवश्यम्भावी रुपमा भोग्नुपर्ने भएकाले त्यो Issue मा म प्रवेश गर्दिन किनकी अव त्यो विषय अर्कै निकायको कार्य क्षेत्र भित्र गइसकेको अवस्था छ । प्रक्रियाको रुपमा Document मिलेको देखिनु पर्छ, सिद्धान्तगत संसदीय समितिमा रहेको कुराको चित्तबुझ्दो जवाफ दिनुपर्ने भएकाले OAG ले पनि कुनै पनि कुराको प्रस्ट र तार्किक चित्त बुझ्दो जवाफ विना वेरुजु काट्ने वा लेख्ने कुरै हुँदैन, जे छ त्यहि लेखिन्छ । समय मै महालेखापरीक्षण नगराउनुका धेरै Implication हुन्छन् भन्ने तर्फ संघ, प्रदेश र स्थानीय जनप्रतिनिधिहरु र सम्वन्धित कर्मचारीहरु सचेत हुनु जरुरी छ ।

वहाँले, यो Report अँग्रेजी भाषामा छापिने हुनाले यसको प्रभाव अन्तराष्ट्रिय गैर-सरकारी निकायहरु जस्तैः World Bank. IBRD, USAID, UKAID, ADB, DFID आदि स्थानमा जाने भएकोले अन्तराष्ट्रिय रुपमा यसको असर राज्यलाई स्रोत उपलब्ध गराउने दातृ संस्था, सरकार समेतलाई बिझाउने खालको हुन्छ, जसले राज्यलाई दिर्घकालसम्म नकारात्मक असर पार्ने र राष्ट्रको वेईज्जत हुने सम्भावना रहन्छ । यसैले कुरो अत्यन्त गम्भिर छ । **महालेखा परिक्षण नगराइएको भए दोहोर्याएर गराउन झन् जटिल हुन्छ । पहिलो प्रश्न आउनेछ गराइएन किन..?** यसले नियतमाथि नै प्रश्न उठाउछ । Auditor General ले कागजमात्र हेर्दैन संविधान र ऐन, नियमका साथै आवश्यक परेमा कार्यक्षेत्र (Field) पनि हेर्छ । Auditor बाट अडिट नगराएमा पूनः Auditor पठाउदैनौ, त्यसबाट हुने परेसानी स्थानीय र प्रदेशलाई झन बढि हुन्छ र काठमाण्डौ आएर अडिट गराउनु पर्ने वाध्यता सृजना हुन्छ । **कानून अनुसार संघीय सरकारलाई प्रदेश र स्थानीय तह विरुद्ध हिसाब नदिएकाले वजेट नपठाउनु भनी लेख्नु पर्छ र संघबाट आउने अनुदान रोकिन्छ ।** प्रदेशमा रहेको नीति आयोगले वि.स.२०३० सम्ममा दिगो विकास लक्ष्यमा केन्द्रित भएर जानुपर्छ, विकास निर्माणका काम दिगो, भरपर्दो, नियम संगत, सेवा प्रवाहमा सिघ्रता, वन जंगल, ढुंगा मुढा, पोखरी, आदिको ठेक्का, नियम अनुसार गर्नुपर्छ । अरुको बाख्रा, बंगुर, खेत र फर्म देखाएर पैसा बुझेको छ, त्यसो गर्नु हुदैन यो बेठीक हो, **बेठिक**-भनेको विकृती, विसंगती, कमजोरी हो । ठीक ९०% र बेठिक

१०% हुदाँ पनि ठूलो हल्ला छ भने ९०% बेठिक भयो भने के होला ? काममा सहजता ल्याउनको लागि प्रदेशमा कार्यालय स्थापना गर्न सकिन्छ ।

वहाँले, अन्तमा आ.व.को अन्त्यमा निशर्त रकम मौज्दात रहेको भए आआफ्नै संचित कोषमा राख्नुस आपत्ति छैन तर वाँकी रहेको शसर्त वजेट त कम्तिमा सरकारी कोषमा फिर्ता गर्नुस । हाम्रो प्रतिवेदन प्रणाली पनि अत्यन्त कमजोर छ । समयमै तोकिएको ढाँचामा प्रतिवेदन पेश गर्ने स्थानीय तहको संख्या अत्यन्त नगण्य छ । यस्तो आधारभूत जिम्मेवारी पनि पुरा नहुनुलाई कसरी कुन रुपमा लिने ? चुलिंदो आर्थिक अनियमितता, मलेप नगराउने, मनपरी खर्च गर्ने, पद्दतिले पदाधिकारीको इमेजमा त दाग लाग्छ नै अझै राजनीतिक व्यवस्थाप्रति नै नागरिकहरुमा नैराश्यता जन्माउछ भन्ने तर्फ ख्याल गर्नु भएकै होला भन्दै अवस्था के छ भने प्रगति विवरण १० पेज, वेरुजु रिपोर्ट ३१२ पेज बताउनुभयो।

प्रदेश नं.२ मन्त्रालयका सचिवज्युहरुवाट मन्त्रालयगत चुनौती, समस्या र भावी कार्यक्रम वारेको प्रस्तुति:

सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सचिव, भौतिक पूर्वाधार मन्त्रालय,
सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय,
सचिव, उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय,
सचिव, आन्तरीक तथा कानून मन्त्रालय,
सचिव, भुमि, व्यवस्था कृषि तथा सहकारी मन्त्रालय,
सचिव, सामाजिक विकास मन्त्रालय,

खुल्ला सत्रमा सहभागीज्यूहरुवाट उठेका सवाल, जिज्ञाशा र सुझावहरु:

रिता मिश्र, उप-प्रमुख, जनकपुरधाम उप-महानगरपालिका,

कर्मचारी नभएकाले समयमै काम सम्पन्न गर्न र बजेट खर्च भएन भन्दै सहभागीमुलक योजना पद्धती प्रति सवै जन-प्रतिनिधि ईमान्दार नदेखिएका भन्नुभयो, आन्तरीक लेखा परीक्षण नभएको, हामी सबै जना सुध्रनु पर्ने हो, तर यहाँ एकले अर्का माथि मात्र औला उठाउँछन्।अनुगमन समितिको सदस्य भएर हामी अनुगमनमा जान्छौ तर प्राविधिक र कानूनी सबै कुरा हामीले जानेका हुँदैनौ तर पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हामीलाई छोड्दैन ।

रेणु कुमारी थापा, उप-प्रमुख, गोलबजार नगरपालिका,

प्रमुख र कार्यकारी अधिकृत मिलेर सभाले पास गरेका कार्यक्रम समेत नगरी उपमेयरलाई काम गर्न नदिएको अवस्था रहेको र जनताले हामीलाई पनि उत्तिकै भोट दिएका तर सुविधा दिने क्रममा नपाले भेदभाव गरेको बताउनुभयो।

उप-प्रमुख, मिथिला नगरपालिका,

उपमेयरको कार्यभार बढी छ तर सुविधा कटौती भएको छ । पारिश्रमिक र सुविधा वृद्धि गरियोस् भनी मांग गर्नुको साथै चुरे संरक्षणको नारा छ तर ठोस कार्यक्रम केही छैन । यो नारा मात्र के का लागि भन्ने प्रश्न गर्नुभयो । वहाँले, अपांगता कार्डमा भेदभाव छ सुधार गर्नु पर्यो । एउटा हात वा खुट्टा नहुनेलाई पनि पूर्ण अपांग कायम गरियोस् भनी मांग गर्नुभयो । उहाँले ठेकेदारको विगविगी छ । ठेकेदार र प्रमुख मिलेर विविध प्रकृतिका विधि विपरित काम भएका छन् यस्ता कुराको अन्त्य होवोस् भनी मांग गर्नुभयो ।

वहाँले, लागू औषधमा १८ वर्षका कलिला वालवालिकाहरु लागेको छ, "**आली आलीमे सपेता र खेत खेतमे धान र प्रदेश नं.-२ का गरिवी वेपत्ता**" स्लोगन सहित सपेता/ मसलाको विरुवा उत्पादनमा रोक लगाएका छौ, यस रुखले खेतको उर्वराशक्ति मासिन्छ र बाली उत्पादनमा कमी ल्याउँछ, यसलाई नियन्त्रण गर्न कानून निर्माण गर्नु पर्ने, स्थानीय तहमा सपेताका रुख सम्बन्धमा न्यायिक समितिमा मुद्दा परेका छन् । त्यसैले नगरसभाबाट रुख्न लगाउने निर्णय पास गराएका छौ । समुदायमा पनि फलफूल रोप्नु पर्छ । महिला जनप्रतिनिधिहरुलाई "उपमेयरले के भएर चूनाव लडी के-के न पाए जस्तो भनेर जिस्काउँछन, यसलाई कसरी लिने, यस्ता कुराले महिला जन-प्रतिनिधिहरुलाई हतोत्साह गर्न नहुने बताउछन् र यो एक किसिमको महिला हिंसा हो।

भोला गुप्ता अध्यक्ष, प्रसौनी गाउँपालिका, वारा

अध्यक्षज्यूले लेखा परिक्षण गर्न आउने मलेप टिमले जनप्रतिनिधहरुसँग पनि छलफल गरेको भए राम्रो हुन्थ्यो । एकाएक आउने अनि लेखाका कर्मचारीसंग मात्र सम्पर्क गर्ने अनि फर्किने गर्नु राम्रो भएन भनी गुनासो गर्नुभयो । वहाँले, स्थानीय तहका धेरै जसो जन-प्रतिनिधिहरु निरक्षर जस्तै छन्, नियम कानून र प्रक्रिया बुझ्न र बुझाउन समय त लाग्छ नै । यस्तो अवस्थामा काम गर्न निकै चुनौती देखिएको छ । त्यसमाथि यो भएन त्यो भएन भनेर खोट लगाउने प्रवृति देखाउनु भन्दा क्षमता विकासमा जोड दिए उपयुक्त हुने थियो भनी सुझाव दिनुभयो । त्यस्तै, LG Profile, आवधिक योजना, वार्षिक योजना, राजश्व सुधार के के मात्र गर्ने उता जनशक्ति नभएको अवस्था त आउने होइन भन्ने चिन्ता थपिएको छ भनी गुनासो गर्नुभयो ।

हरी नारायण साह अध्यक्ष, परवानीपुर गाउँपालिका, वारा

वहाँले, सशर्त अनुदानको ५० प्रतिशत चैत्रमा मात्र पाइयो । यता हामीले काम सम्पन्न गर्यौं तर बाँकी ५० प्रतिशत कहिले आउने हो, पाइने नपाइने के हो टुंगो छैन । यो अवस्थाले काममा कठीनाई भएको छ भनी कुरा राख्नुभयो । नकारात्मक कुरा धेरै ल्याएर प्रदेश नं.-२ लाई हतोत्साह गर्न खोजे जस्तो पतित भएको छ । प्रदेशनं.-२ मा अख्तियार आतंक छाए जस्तो देखिन्छ । अख्तियारले २४ घण्टा भित्र विवरण पेश गर भनेर आदेश दिन्छ । तर तत्कालिन गाविस सचिवले गरेका कामको फेहरिस्तको अभिलेख कहाँबाट कसरी ल्याउन सकिन्छ भने गुनासो गर्नुभयो ।

वहाँले, मुख्यमन्त्रीज्यूले अस्थायी शिक्षकप्रती सद्भाव राख्न सुझाव दिनु भएको छ, कुरा राम्रै हो । तर निजहरुलाई कुन कानून र प्रक्रियाबाट निरन्तरता दिन सकिन्छ मार्ग निर्देश पनि गरिदिए हुन्थ्यो भने जिज्ञासा राख्नुभयो । त्यस्तै, जनप्रतिनिधिहरुलाई प्रदेश सरकारले तयार गरेको सेवा सुविधा सम्बन्धी प्रस्तावित प्रस्तावलाई पूनः समिक्षा गरि न्यायोचित सेवा सुविधाको व्यवस्था गरियोस् भनी जोडदार माँग गर्नुभयो ।

विजय कुमार चौरसिया अध्यक्ष, पकहा मैनपुर गाउँपालिका, पर्सा/ गाउँपालिका महासंको उपाध्यक्ष

गाउँपालिकाको बजेट के चना-चठपटे हो सवैलाई अलि अलि बाड्दै हिड्नलाई ? "**जननी जन्म भूमिश्चः स्वर्गादपि गरियसी भन्ने**" भावनाले काम गरिएको छ, पूर्वाग्रहले आरोप प्रत्यारोप स्वीकार्य छैन भन्नुभयो । गाडी भत्ता छैन, मर्यादा क्रममा प्रमुख जिल्ला अधिकारी भन्दा माथि तर सुविधा छैन, संघिय मामिला मन्त्रालयमा गिडगिडाउनु पर्छ । उहाँले कर्मचारीले त महिनामा ४५-५० हजार तलव खान्छन् भने हामी सह-सचिव, उप-सचिव स्तरका जनप्रतिनिधिले करिव फुल टायम बीना पारिश्रमिक कसरी काम गर्न सम्भव होला..? भनी जिज्ञासा राख्नुभयो । त्यस्तै, विकास गर्न चेक काट्नु पर्छ, चेक काट्न लेखापाल चाहिन्छ । लेखा सम्बन्धि काम गर्ने कर्मचारी छैनन् यस्तो अवस्थामा कसरी समयमै काम गर्न सकिन्छ..? अनि कसरी हुन्छ विकास बजेट खर्च भनी जिज्ञासा राख्नुभयो । सिस्टम बनाएपछी मात्र हामी अस्थाई शिक्षक राख्छौ भन्नुभयो।

गीता देवी साह यमुनामाई गाउँपालिका, पर्सा

नपढेको मान्छे न्याय समितिको अध्यक्ष भएर कसरी चलाउन सक्छ ।न्यायिक समितिको काम धेरै छ, तर कर्मचारी छैनन् । कम्तिमा कानून सम्बन्धी जानकार कर्मचारीको व्यवस्था गरियोस भनी मांग गर्नुभयो । उहाँले अनुगमन समितिको संयोजक उपाध्यक्ष हौं । तर अध्यक्षले अनुगमन समितिको सहभागिता बीना आफु खुशी अनुगमन गर्छन र भुक्तानी दिन्छन्, उपाध्यक्षले प्रतिवेदन नदिएको अवस्थामा समेत आफै समिति बनाई मेयरले/ अध्यक्षले योजना पारित गर्दछन्। सुब्बाले सुब्बाको काम गर्छन तर प्रशासकिय

अधिकृतले आफ्नो काम गर्दैन यो कस्तो तरिका हो । यस वारे पनि प्रदेश र संघीय सरकारले सोचोस, जवाफ देवोस् ।

सलमा खातुन, उपाध्यक्ष

अध्यक्ष र मेयरले मात्र आफ्नो अधिकार प्रयोग गर्ने हो भने यो उपमेयर र उपाध्यक्ष पद किन..? भनी प्रश्न गर्नुभयो । प्रमुख प्रशासकिय अधिकृतले अध्यक्ष र सदस्यलाई आपसमा लडाई फाईदा लिन्छ र उपप्रमुख र उपाध्यक्ष असक्षम भनेर गुनासो गर्ने, उहाँले न्यायिक समितिको वैठक भत्ता कटौती भयो । काम गर्न सकिएको छैन । अनि प्रचार यसरी गरिदै छ मानौ महिलाहरु नेतृत्व लिन सक्षम छैनन् । यो कुन तरिका हो..? नेतृत्वमा पुगेका हाम्रो त अवस्था यस्तो छ भने अरु महिलाको हालत के होला..? यस्तोमा महिला सशक्तीकरणको सस्तो कुरा गर्न मिल्छ..?

ब्रहमदेव यादव अध्यक्ष, औरही गाउँपालिका, धनुषा

वहाँले, अख्तियारको आतंकले काम गर्न गाह्रो अनुभूती हुँदैछ । अ.दु.अ.आयोगले १/१ जना कर्मचारी स्थानीय तहमा पठाईदियोस, वहाँ मार्फत फाईल स्वीकृत गराई मात्र काम अगाडी बढाउछौ, यस्को जिम्मा लिनुहोस भने, जग्गा प्राप्त गर्ने प्रक्रिया झन्झटिलो रहेको, भन्दैछ स्थानीय तह फेल हुदैछ तर त्यो हल्ला मात्र हो। पहिले पहिले काम गर्न DPR नचाहिने तर अहिले जुनसुकै कामका लागि पनि DPR किन..? संघियता असफल पार्ने नियत जस्तो पो देखियो भन्नुभयो ।

वहाँले, ऐन कानूनमा लेखिएको छ सर्वसम्मत निर्णय गर्नु, नभए वहुमतले निर्णय गर्नु । तर वहुमत नै जुटाउन नसकिए कसरी निर्णय गर्नु अनि कसरी समय भित्रै स्थानीय सभा सम्पन्न गर्ने नियम कानून खुकुलो बनाउनु प-र्यो प्रदेश सरकारले सहजीकरण गरोस भनी मांग गर्नुभयो । **वेटी वचाउ, वेटी पढाउ कार्यक्रम**लाई सशर्त अनुदान सहित स्थानीय तहमा पठाउन अनुरोध गर्नुभयो । वहाँले, अस्थायी शिक्षकले संघीय सरकारबाट सुविधा लिईसकेको अवस्था छ । स्थानीय तहले विदा गरिसकेका अस्थायी शिक्षकहरुलाई कहाँ कुन तरिकाले पुनः राख्न सम्भव होला र? अनि कुन शिर्षकवाट तलव खुवाउने हो..? अन्योल भएको छ । प्रदेश सरकारले सुझाव देवोस भनी जिज्ञासा राख्नुभयो । प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई संसोधन गरी करारमा भर्ना गरी आरम संयोजकको रुपमा संघबाट एक जना अधिकृत स्तरको कर्मचारी पठाएको छ, तर पालिकालाई करारमा भर्ना गर्न दिईदैन किन..?

रमिता कुमारी प्रधान, उप-प्रमुख मनराशिस्वा नगरपालिका, महोत्तरी

हाम्रो समाजमा अहिले पनि महिला हिंसा विध्यमान छ । यसको अन्त्यका लागि **बेटी बचाउ बेटी पढाउ कार्यक्रम** निकै प्रभावकारी सिद्ध हुने भएकाले प्रदेश सरकारसंग हातेमालो गर्न एक्यबद्धता जनाउने प्रतिवद्धता गरौं भनी आव्हान गर्नु भयो । उहाँले महिलाहरु

कमजोर छैनौ, कमजोर देखाइएका र बनाइइएका हौं । तदनुरुप आफ्नो क्षमता प्रदर्शन गरौ भन्नुभयो । पालिकामा हामी उप-प्रमुखहरुले न्यायिक समितिको नेतृत्व गर्नु पर्ने भएकोले विधि र प्रक्रियाका साथै कानूनी अभ्यासका बारेमा ज्ञान र अनुभव नभएको हुँदा प्रत्येक पालिकामा एक-एक जना कानुनी सहजकर्ता प्रदेश सरकारबाट खटाईदिन अनुरोध गर्दछु । साथै सरकार र स्थानीय तहको ग्याप कम गर्न मुख्यमन्त्रीसँग मेयर संवाद कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । प्रदेश समन्वय परिषद्को कार्यक्रममा हामी स्थानीय जनप्रतिनिधिहरुलाई आफ्नो समस्या राख्न थप समयको व्यवस्थापन गर्नु पर्ने आवश्यकता देखियो । मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, प्रदेश सांसद ज्यूहरु सबैले महिला जन-प्रतिनिधिहरुलाई उचित सम्मान गर्नुपर्छ ।

मो.जालिम मिया, अध्यक्ष, जगनाथपुर गाउँपालिका पर्सा

वहाँले, स्थानीय तह, प्रदेश र संघीय सरकारबीच कार्यगत तादम्यता स्थापित गरौं । तीन तहका सरकारको संयुक्त प्रयासले मात्र अपेक्षा गरिएको विकास सम्भव छ भन्नुभयो । अब पार्टीका कुरा होइन, देशलाई कसरी समृद्धि गराउन सकिन्छ भन्नेमा सम्पूर्ण ध्यान केन्द्रित गरौं भन्नुभयो । वहाँले, महालेखा परीक्षकज्यूलाई धेरै सुझाव दिनु भएकोमा धन्यवाद भन्नुभयो । तर, ती मध्ये कतिपय सुझावहरु आफैले पनि लागु गर्नु हुन अनुरोध छ । हामी निर्वाचित भएर आएको त २ वर्ष मात्र भयो तर त्यो भन्दा अगाडि यो देशमा के रामराज्य थियो र..? यसरी भनिदैछ मानौ हामी आएपछि मात्र भ्रष्टाचार मौलायो, अनियमितता बढ्यो । हाम्रो लेखापाल साहेव भन्नुहुन्छ, हजुरमाथि पनि मिलाउनु पर्छ । त्यो माथि भनेको कसलाई हो, मैले बुझ्न र चिन्न सकेको छैन । त्यसैले, समस्या जतासुकै छ । सवैतिर यो अवस्था अन्त्य गर्ने वातावरण बनोस । मेयर र उपमेयरको काम र अधिकार एकै हुदैन बराबर छैन । शुभकामना दिंदै आफ्नो जिज्ञासा अन्त्य गर्नुभयो ।

बिजय सराबगी प्रमुख, बीरगंज महानगरपालिका,पर्सा

वहाँले, प्रदेश समन्वय परिषद भनेको गुनासो पोख्ने ठाउँ होईन यसलाई सकारात्मक सोचका साथ थिंक ट्याङ्कका रुपमा छलफल गरी पालिकाहरुलाई अझ व्यवस्थापन गरी अगाडि बढ्नु पर्छ । नगरहरुलाई सुन्दर वनाउन र अझ व्यवस्थित गर्न फोहर व्यवस्थापन चुनौतीको रुपमा रहेको वताउनु भयो । फोहरमा अस्पताल (Hospital) बाट उत्पादन भएका फोहरहरु, विधुतजन्य (Electronic) फोहरहरु मानब जीवनका लागि बढी खतरनाक रहेकोले यसलाई व्यवस्थापन गर्न ३/४ वटा पालिकाहरु मिलेर Solid West Management को लागि Project ल्याउनु पर्छ । स्थानीय जनप्रतिनिधिहरुले लिईरहेको सुविधा नछोडने गरी बैठक भत्ताहरु एक हजारबाट पन्द्र सय गरी दिनमा ३ वटा भन्दा बढी नदिउ, Challenging Project छैन तीनै तहमा योजना कार्यान्वयन हुँदा Overlapping , Doubling or Tippling हुने गरेकोले अव मुख्य रुपमा समन्वयमा ध्यान दिन जरुरी छ भन्नुभयो, योजनाहरु ढिला आउने हुँदा

सर्वजनिक खरिद प्रक्रिया पुरा गर्न कठिनाई हुने गरेको, Auto Riksa अटो रिक्साको व्यवस्थापन पालिकाले गर्नुपर्छ, डुवान तथा नदी कटानबाट सृजित हुने समस्याका साथै नदी नियन्त्रण गर्न जरुरी रहेको तर यसको जिम्मा कसले लिने..? Boarder भएर बग्ने नदीहरुको जिम्माकस्ले लिने..? खानेपानीको समस्या, सिंचाईको समस्या आदी समस्याहरुलाई कसले र कसरी व्यवस्थपन गर्ने..? यसको लागि खानेपानीको ठूलो आयोजना मार्फत ठूला नदीको Water Store गरी Water Bank निर्माण गरी, नदीको पानीबाट सिंचाई गर्ने र जमिन मुनीको पानीको आपूर्ति कम गरी Land Recharge गर्ने विधि अपनाउनु पर्छ । योजना Need Base मा छ कि व्यक्ति विशेषमा..? सार्बजनिक ऐलानी जग्गा कस्को हो ? पालिकालाई दिनुपर्छ । निजगढ अन्तराष्ट्रिय विमानस्थल वनाउनु पर्छ यो प्रदेशनं.-२ को मेरुदण्डको रुपमा सावित हुनेछ, कृषि शेड, धर्मशाला आदि कार्यक्रमहरु आवश्यकता भन्दा बाहिर छन् त्यसमा कुकुर र विरालो बस्ने गरेको बताए, पर्यावरण जोगाउन नीजि जग्गा र सार्बजनिक जग्गामा वन लगाऔं रूख रोपौ, ३० लाख रुख रोप्ने अभियान चलाऔं भन्नुभयो।

प्रमुख, जिल्ला समन्वय समिति, महोत्तरी

जिल्ला समन्वय समितिको आवश्यकता छ भने यसलाई अझ Strong and Power (बलियो बनाऔ) र शसक्त भएर अगाडी जानुपर्छ, यदी आवश्यकता छैन भने यसलाई खारेज गर्नु नै राम्रो हुनेछ ।यो यो कार्यालय Unwanted baby जस्तो छ र यसलाई बचाउन Seed Money दिईरहेको भन्ने कुरा व्यवहारमा देखिन्छ । धेरै प्रदेशहरुले जिल्ला समन्वय समितिको कार्यालयलाई सबलिकरण गर्दै गइरहेको अवस्था छ ।नेपालको संविधान बमोजिमको काम र अधिकार पाऊँ। समन्वयको भूमिकामा हामी काम लाग्न सक्छौ । प्रदेश सरकारको समितिहरुमा जिल्ला समन्वय समितिका सदस्यहरु देखा पर्नु पर्दछ । प्रदेश सरकाबाट अनुगमन सम्बन्धी कार्यविधि, दक्षता सम्बन्धी कार्यविधि, र समन्वय सम्बन्धी कार्याविधि जस्ता कानून बनाउन अनुरोध गर्नुभयो।

हिरा राज रेग्मी, महानिर्देशक केन्द्रिय तथ्यांक विभागको प्रस्तुती

महानिर्देशकज्यूले वि.स.२०७७ जेठमा १२ औं जनगणना गर्ने तयारी रहेको र नागरिकहरुको मौलिक हकको संरक्षण, समावेशिता वारे कार्यनीति तर्जुमा, सूचनामा आधारित योजना तर्जुमा र निर्वाचन क्षेत्र समिक्षाका लागि जनगणना गर्नुपर्ने र जनगणना गर्नका लागि प्रदेश र स्थानीय तहको अत्यन्त महत्वपूर्ण भूमिका रहने, सबै क्षेत्रबाट उत्साहजनक सहभागिता सहितको सहयोगको अपेक्षा गर्नुभयो ।

दिपेन्द्र झा : मुख्यन्यायाधिवक्ता, मुख्यन्यायाधिवक्ताको कार्यालय,

मुख्यन्यायाधिवक्ताज्यूले सर्वोच्चको प्रकरण २९ को व्याख्या-पारिश्रमिक वा घुमाउरो भाषामा कानूनले निषेध गरेका विषयमा पारिश्रमिक लिन नमिल्ने अवस्था बारे जानकारी गराउँदै संविधानसम्मत र कानूनको वर्खिलाप नहुने गरी नियमले मिलेसम्म जन-प्रतिनिधिहरुलाई सेवा सुविधा दिन आवश्यक कानून बनाउने प्रतिबद्धता जनाउँदै अस्थायी शिक्षक-शिक्षिका सम्बन्धमा प्रदेश सरकारले निर्देशन दिन नमिल्ने जानकारी गराउँदै मानवियताको आधारमा स्थानीय तहले आफ्नै स्वंय-आर्जनबाट अल्पकालीन व्यवस्थापन गर्न वाधा नपुग्ने बताउनुभयो । वहाँले, प्रमुख तथा उप-प्रमुख र अध्यक्ष तथा उपाध्यक्षज्यूहरुले उठाउनु भएका धेरै विषयहरु आ-आफ्नै स्थानीय तहमा छलफल गरी कानूनसम्मत कार्य गर्नको लागि वातावरण तयार गर्न अनुरोध गर्दै प्रदेश सरकारले संयोजन गर्नसक्ने र मिल्ने विषयमा आवश्यक प्रयत्न गरिने कुरा बताउनुभयो ।

महालेखा परीक्षक मा. टंकमणि शर्माज्यूको स्पष्टोक्ति मन्तव्य:

महालेखा परीक्षकज्यूले आफ्नो स्पष्टोक्ति मन्तव्यमा प्रस्तुतिका क्रममा आफुले व्यक्त गरेका धारणाको आसय जनप्रतिनिधिज्यूहरुको चित दुखाउने नभई वहाँहरुको राजनीतिक छवि धमिलिन नपावोस भन्ने रहेको र सबै कामहरु विधिसम्मत भए नभएको हेरेर मात्र निर्णय गर्नुहुन र जनविश्वास कायम राख्न अपनाउनु पर्ने सजगता वारे अनुरोध गरिएको भन्ने आसय व्यक्त गर्नुभयो ।

मा. मुख्यमन्त्री श्री लालबाबु राउतज्यूको समापन मन्तव्य:

मा. मुख्यमन्त्रीज्यूले आफ्नो समापन मन्तव्यमा उत्साहजनक उपस्थिति र सहभागिताका लागि प्रमुख अतिथि, विशिष्ट अतिथि लगायत सवैप्रति आभार व्यक्त गर्दै जनप्रतिनिधिहरुको सुविधा सम्बन्धमा कानूनले मिलेसम्मको व्यवस्था गर्न प्रदेश सरकार प्रतिवद्ध रहनुको साथै अन्य प्रदेशमा भएको व्यवस्था भन्दा कम नहुनेमा आस्वस्त हुन अपिल गर्नुभयो ।

त्यस्तै, वहाँले, हामी जनताले चुनेर पठाएका जनप्रतिनिधिले कर्मचारीको सेवा, सुविधा श्रेणी र पारिश्रमिकसँग आफूलाई तुलना नगरौं । हामी सामाजिक कार्यकर्ता भएकाले कसरी बढी भन्दा बढी यो भूमिकालाई प्रभावकारी रुपमा सम्पादन गर्न सकिन्छ भनेर चिन्तनशील रहनु पर्ने जिकिर गर्नुभयो । वहाँले, **बेटी बचाउ, बेटी पढाउ** कार्यक्रमलाई प्रभावकारी रुपमा अभियान संचालन गरेर लैजाने हाम्रो साझा दायित्व हो । यो कार्यक्रम मुख्यमन्त्रीको मात्र नभई समग्र प्रदेश नं. २ को कार्यक्रम हो भन्ने रुपमा बुझिदिनु हुन सादर आग्रह गर्नुभयो । वहाँले, आगामी दिनमा क्रमश: यो कार्यक्रम स्थानीय तहमा हस्तान्तरण गर्दै लगिने छ । स्थानीय तहले पनि यसमा लगानी गर्नु आवश्यक हुन्छ । प्रदेश सरकार र स्थानीय तह समन्वयात्मक रुपमा क्रियाशील नहुने हो भने यो नाराले पूर्णता पाउदैन भन्नेमा हामी सचेत

छौ भन्दै सबै समस्याहरु एकाएक सम्बोधन हुन सक्दैनन् । त्यसैले, हरेक कुरामा निरन्तरता आवश्यक हुन्छ भन्दै उप-प्रमुख तथा उपाध्यक्षहरुमा आएको सजगता देखेर प्रभावित भए । आशा गर्छु-वहाँहरुको बढ्दो चेतनाले अव प्रमुख/अध्यक्षले वहाँहरुलाई भेदभाव गर्ने अवस्था कायम रहला जस्तो लाग्दैन भन्नुभयो ।

त्यस्तै, वहाँले सुशासन सम्बन्धी विधेयक तयार भएको छ । यसलाई स्व-अनुशासित रुपमा लागू गरेर प्रदेश २ लाई सुशासनयुक्त प्रदेश बनाउने जिम्मेवारी हाम्रै हो । फेरि पनि भन्छु-कुनैपनि प्रकृतिका गलत कामलाई प्रसय दिइने छैन र दिनु हुँदैन भन्नुभयो । वहाँले, हाम्रो कर प्रणालीमा एकरुपता कायम गर्न आवश्यक देखिएको छ । राजश्व वृद्धि गर्ने नाउँमा नागरिकहरुको ढाड सेकिने गरि क्षमता भन्दा धेरै कर थोपर्ने काम नगरौं । स्थानीय तहको O&M सर्वेक्षणका लागि काम अगाडि बढेको छ । उक्त अध्ययन पश्चात पदपूर्तिका काम अगाडि बढाउन प्रदेश सरकार क्रियाशील छ र न्यायिक समितिको क्षमता विकासका साथै न्यायिक सहजकर्ता सम्बन्धमा के गर्न सकिन्छ त्यसतर्फ पनि प्रदेश सरकार चिन्तनशील रहनेछ र आवश्यक सहयोग गर्न तत्पर रहने छौं भन्नुभयो ।

अन्तमा वहाँले, संवैधानिक अंगका प्रमुखज्यूहरुको उपस्थितिले यो परिषद् बैठकलाई प्रशिक्षण जस्तो समेत बनाएको छ, हामी धेरै कुरामा सचेत र सजग हुने अवसर पाएका छौं । यसका लागि वहाँहरुलाई धन्यवाद भन्दै यसै गरी संघीय अर्थमन्त्री, राष्ट्रिय योजना आयोगबाट विकासका थप मार्ग निर्देशन पाएका छौ, यसका लागि वहाँहरुप्रति पनि आभारी छौ भन्नुभयो । साथै वहाँले यो परिषद् बैठकमा सक्रिय रुपमा सहभागी भइ छलफलमा सरीक हुनुभएकोमा सम्पूर्ण सहभागी तथा आमन्त्रित अतिथि, विशिष्ठ अतिथी प्रति धन्यवाद सहित प्रदेश समन्वय परिषद्को बैठक यही समापन भएको जानकारी गराउनुभयो ।

कार्यक्रमलाई अझै प्रभावकारी कसरी बनाउने

- परिषद् बैठक स्थल साघुरो भएको ।
- बैठक तयारी समय कम भएको ।
- खाना खाजा खानेहरुलाई कुपनको व्यवस्था हुनुपर्ने ।
- स्थानीय तहका प्रमूखहरुलाई बोल्ने समय कम भएको ।
- बोल्नको लागि माइकको अभाव भयो कम्तिमा ४ वटा माइक हुनुपर्ने हो।
- नामदर्ता जिल्लागत रुपमा गर्नुपर्ने ।
- आगामी दिनमा यस किसिमको कार्यक्रम आयोजना गर्दा शुरु मै कार्यक्रमलाई Pre-Program, During Program र Post-Program मा विभाजन गरी Checklist बनाएर संचालन योजनाबद्ध रुपमा गर्नु पर्ने ।
- यो बैठकको तयारी कम्तिमा १५ दिन पहिलादेखि गर्नुपर्ने ।

- कार्यक्रम संचालन गर्न उदघोषक राम्रो र प्रखर हुनुपर्ने, सकिन्छ भने रेडियो वा टि.भी.बाट झिकाउन सकिन्छ ।
- राम्रो काम गरेका जन-प्रतिनिधिहरुलाई सम्मान तथा आदर सहितको कार्यक्रम राख्न तथा प्रमाण-पत्र दिन सकिने।

निष्कर्ष :-

प्रदेश सरकारको आयोजनामा भएको प्रदेश समन्वय परिषद्को बैठकमा भएको छलफलमा देहायका विषयहरु गम्भिरता पूर्वक उठेको हुँदा समाधान गर्न आवश्यक देखिन्छ ।

- प्रदेश नं. २ को उत्तरी सीमानामा भूमाफियाहरुले गैरकानूनी रुपमा गिट्टी, ढुँगा, बालुवा उत्खनन गरेकोले एउटा शक्तिशाली आयोग गठन गरी अध्ययन गर्नु पर्ने ।
- प्रदेश सरकारले विनियोजन गरेको बजेट स्थानीय सरकार तथा केन्द्रिय सरकारले गरेको कार्यमा नै दोहोरिएकोले कार्यक्रम तथा आयोजना बारे पूर्व जानकारी स्थानीय सरकारलाई हुनु पर्ने देखिन्छ ।
- बाटोको निर्माणमा माटो तथा बालुवामा बढी जोड दिइएकोले त्यसलाई निरुत्साहित गर्दै बाटो पिच वा ढलानमा नै बजेट विनियोजन हुनु पर्ने देखिन्छ ।

अनुसूचिहरूः

अनुसूचिः १

प्रदेश नं. २ को प्रदेश समन्वय परिषद्को बैठक सञ्चालन कार्यविधि २०७५

<u>प्रस्तावना</u> : प्रदेश र स्थानीय तहको योजना तर्जुमा, नीतिगत साझेदारी, साझा अधिकार सूचिको प्रयोगमा एकरुपता, प्राकृतिक श्रोत साधनको उपयोग र वाँडफाँडमा समन्वय गर्न, प्रदेशको समग्र सम्वृद्धिमा विकास साझेदारी गर्न, परिषद्को सुव्यवस्था कायम गर्ने लगायत तत्यसम्वन्धी कार्य नियमित र व्यवस्थित गर्न प्रदेश समन्वय परिषद्को वैठक सञ्चालन कार्यविधि वनाउन आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ उपदफा (५) वमोजिम प्रदेश समन्वय परिषद्को मिति २०७५।०५।१९ मा बसेको यो पहिलो वैठकले यो कार्यविधि पारित गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यो कार्यविधिको नाम प्रदेश नं. २ को प्रदेश समन्वय परिषद्को बैठक सञ्चालन कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) **"बैठक"** भन्नाले ले प्रदेश समन्वय परिषद्को बैठक सम्झनुपर्छ ।

(ख) **"मुख्यमन्त्री"** भन्नाले प्रदेश नं २ को मुख्यमन्त्री तथा परिषद्को संयोजक सम्झनुपर्छ ।

(ग) **"सचिव"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०५ को उपदफा (२) को देहाय (छ) को सचिवलाई सम्झनुपर्छ र सो शब्दले सचिव अनुपस्थित रहेको अवस्थामा सचिवको रुपमा काम गर्न प्रमुख सचिवले तोकेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव वा वरिष्ठ अधिकृत कर्मचारीलाई समेत जनाउँछ ।

(घ) **"परिषद्"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ को उपदफा (२) बमोजिमको प्रदेश समन्वय परिषद् सम्झनुपर्छ ।

(ङ) **"कार्यालय"** भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्झनुपर्छ ।

(च) **"सदस्य"** भन्नाले परिषद्का पदाधिकारी वा आमन्त्रित सदस्य समेतलाई सम्झनु पर्छ ।

(छ) **"विज्ञ"** भन्नाले परिषद्द्धारा वैठकमा आमन्त्रित विज्ञलाई सम्झनुपर्छ ।

३. **<u>परिषद्को बैठक</u>**: (१) परिषद्को बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ ।

(२) प्रदेश र स्थानीय निकाय बीच कुनै विषयमा समन्वय गर्नका लागि एक पटक भन्दा थप बैठक बस्न आवश्यक देखि मुख्यमन्त्रीले बैठक वोलाउन निर्देशन

गरेमा वा परिषद्का कम्तीमा ५० प्रतिशत सदस्यहरुले बैठक आवहान गर्न मुख्यमन्त्रीसंग अनुरोध गरेमा १ वर्षमा १ पटक भन्दा बढी पटक पनि बैठक बस्न सक्नेछ ।

(३) मुख्यमन्त्रीको निर्देशनमा सचिवले बैठक आव्हान गर्नेछ ।

(४) सचिवले बैठकको आवहान गर्दा बैठक बस्ने मिति, समय, स्थान र बैठकमा छलफल हुने मुख्य मुख्य विषयहरु बैठक हुने मिति भन्दा कम्तीमा १ साता अगाबै सबै सदस्यहरुलाई सूचना गर्नु पर्नेछ ।

(५) उपदफा (४) वमोजिमको सूचना प्रप्त भए पछि तोकिएको मिति, समय र स्थानमा संचालन हुने वैठकमा उपस्थित हुनु सवै सदस्यको कर्तव्य हुनेछ ।

४. **<u>पदाधिकारीहरुको उपस्थिति र बस्ने क्रमश</u>**: (१) बैठकमा असन ग्रहण गर्नु अघि प्रत्येक सदस्यले बैठक कक्ष बाहिर राखिरहेको पुस्तिकामा उपस्थिति जनाउनु पर्नेछ ।

(२) प्रत्येक सदस्यले मुख्य मन्त्रीद्बारा निर्देशन गरी निर्धारण गरिएको क्रम र स्थानमा आसन ग्रहण गर्नुपर्नेछ ।

(३) अपाङ्गता भएका सदस्यको हकमा मुख्यमन्त्रीले निश्चित स्थान र क्रम तोकी निजको साथमा एक जना सहयोगी समेतलाई बस्ने अनुमति दिन सक्नेछ ।

(४) परिषद्का पदाधिकारीहरु वाहेक अन्य आमन्त्रित सदस्यहरुलाई मुख्यमन्त्रीले निर्धारित क्रम र स्थानमा बस्ने अनुमति दिनेछ ।

(५) परिषद्द्धारा आमन्त्रित विज्ञ, कार्यपत्र प्रस्तोता, टिप्पणीकर्तालाई बस्नका लागि अलग्गै व्यवस्था गर्न सकिने छ ।

५. **<u>बैठकको अध्यक्षता</u>**: (१) बैठकको अध्यक्षता मुख्यमन्त्रीले गर्नेछ ।

(२) अध्यक्षको अनुपस्थितिमा बैठक बसेमा परिषद्को सदस्यको रुपमा रहेको बरिष्ठ मन्त्रीले बैठकको अध्यक्षता गर्नेछ ।

६. **<u>बैठकको गणपूरक संख्या</u>**: (१) प्रदेश समन्वय परिषदमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(२) उपदफा(१) बमोजिम गणपुरक संख्या नपुगेमा संयोजकले भोलिपल्टको लागि अर्को बैठक आव्हान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आह्वान गरेको बैठकमा गणपुरक संख्या नपुगेमा दुई महिनाभित्र बैठक बस्ने गरी दफा (३) बमोजिम पुनः बैठक आव्हान गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनः आव्हान गर्दा पनि गणपुरक संख्या नपुगेमा कम्तीमा पच्चीस प्रतिशत सदस्यहरुको उपस्थितिमा बैठक बस्नेछ ।

७. **<u>बैठकमा पदाधिकारी र आमन्त्रित सदस्यले पालना गर्नुपर्ने कुराहरु बैठकमा उपस्थित सदस्यले देहायका कुराहरु पालना गर्नुपर्नेछ</u>** :

(क) बैठक कक्षमा मुख्यमन्त्री प्रवेश गर्दा सबै सदस्यले सम्मान प्रकट गर्न उठनुपर्ने,

(ख) मुख्यमन्त्रीले बैठक समक्ष सम्मान प्रकट गरी आफ्नो आशन ग्रहण गर्नुपर्ने,

(ग) मुख्यमन्त्रीको ध्यानाकर्षण गर्नको निमित्त उठनुपर्ने र मुख्यमन्त्रीले बोल्न दिएपछि वा ईशारा गरेपछि मात्र वोल्नु पर्ने,

(घ) बैठकमा बोल्न चाहनेले मुख्यमन्त्रीको अनुमति लिएर मात्र बोल्नुपर्ने,

(ङ) बैठकमा बोल्ने सदस्यले बोल्दा मुख्यमन्त्रीलाई सम्बोधन गरेर बोल्नु पर्ने र मुख्य मन्त्रीले अन्यथा आदेश दिएमा बाहेक उभिएर बोल्नुपर्ने,

(च) मुख्यमन्त्रीको आशन र बोलिरहेको सदस्यको बीचबाट हिडन र मुख्यमन्त्रीको आसनतर्फ पिठ्युँ फर्काएर बस्न नहुने ।

(छ) संविधान र कानुन वमोजिमको उत्तरदायित्व पालना गर्नुपर्ने ।

(ज) अन्य मानवीय शिष्टाचार पालना गर्नुपर्ने ।

८. **<u>छलफलमा भाग लिने सदस्यले गर्न नहुने कुराहरु बैठकमा हुने छलफलमा भाग लिने र सदस्यले देहायका कुराहरु गर्नु हुदैन :</u>**

(क) कुनै सदस्यले बैठकमा बोलिरहेको समयमा अशान्ति, बैठकको मर्यादा भंग वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्न नहुने,

(ख) मुख्यमन्त्रीको आचरण र निर्णयको आलोचना गर्न नहुने,

(ग) कसैलाई व्यक्तिगत आक्षेप लगाउन नहुने,

(घ) अशिष्ठ, अश्लिल, अपमानजनक वा आपतिजनक शब्द बोल्न नहुने,

(ङ) बोल्न पाउने अधिकारलाई बैठकको कार्यमा बाधा पार्ने मनसायले दुरुपयोग गर्न नहुने,

९. **<u>छलफल गर्न निषेध गरिएका विषयहरु</u>** : देहायका विषयमा प्रदेश समन्वय परिषद्को कुनै बैठकमा छलफल गर्न पाइने छैनः

(क) संविधान वा प्रचलित कानूनबाट निषेध गरिएको विषय,

(ख) कानूनी रुपमा गोप्य रहने कुरा,

(ग) कुनै विषय प्रकाशन गर्दा राष्ट्रियहीत विपरित हुने कार्य,

(घ) कार्यपालिकाको कुनै समितिको निर्णयको आलोचना गरिएका विषय,

(ङ.) सभाको छलफलद्वारा स्पष्ट भइसकेको विषय,

(च) संघीय र प्रदेश सभामा छलफलमा रहेका विषय,

(छ) कुनै अदालतमा बिचाराधीन रहेका विषय,

(ज) प्रदेश सभाले गोप्य राख्ने भनिएको विषय,

(झ) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने विषय,

(ञ) विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष खलल पार्ने विषय,

(ट) वैयक्तिक गोपनियताका विषय,

(ठ) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रचारको लागि कुनै व्यक्ति वा संस्थाको नाम आदि भएको विषय,

(ड) प्रचलित कानून बमोजिम स्थापित भएको न्यायिक वा त्यसको पदाधिकारी, प्रचलित कानुन बमोजिम जाँचबुझ गर्न, सुझाव दिन वा प्रतिवेदन पेश गर्न गठित आयोग वा समितिमा विचारधीन रहेको विषय,

(ढ) ऐतिहासिक तथ्य वा कानूनको व्याख्या सम्बन्धी विषय,

(ण) गैर सरकारी व्यक्तिको कुनै वक्तव्य सत्य हो वा होइन भन्ने विषय,

(त) कार्यपालिकाको कुनै निर्णय वा कुनै कारवाही सम्बन्धी विषयमा छलफल गर्दा राष्ट्रिय सुरक्षा, अखण्डता वा कूटनीतिक सम्बन्ध जस्ता संवेदनशील विषयहरूमा आँच आउन सक्ने भनी कार्यपालिकाबाट प्रमाणित गरिएको विषय।

१०. **बैठकमा सुव्यवस्था कायम राख्न मुख्यमन्त्रीको विशेषाधिकार**: (१) बैठकमा अभद्र व्यवहार गर्ने वा दफा ६ र ७ मा उल्लिखित कुनै कुराहरु उल्लंघन गर्ने सदस्यलाई मुख्यमन्त्रीले निजको व्यवहार नियन्त्रण गर्न चेतावनी दिन सक्नेछ । मुख्यमन्त्रीबाट त्यस्तो चेतावनी पाएपछि सम्बन्धित सदस्यले आफ्नो व्यवहार नियन्त्रण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको आदेश पालन नगर्ने सदस्यलाई मुख्यमन्त्रीले बैठक कक्षबाट बाहिर जान आदेश दिन सक्नेछ । सो आदेश पाएपछि त्यस्तो सदस्य तुरुन्त बैठक कक्ष बाहिर जानुपर्नेछ र अटेर गरे मुख्यमन्त्रीले बल प्रयोग गर्न आदेश दिनेछ र सो दिनको बाँकी अवधिसम्म बैठकमा निज उपस्थित हुन पाउने छैन ।

(३) बैठक स्थल र बैठक स्थलको हातामा सुव्यवस्था कायम गर्ने तथा प्रवेश नियमित गर्ने अधिकार मुख्यमन्त्रीलाई हुनेछ । सो प्रयोजनका लागि मुख्यमन्त्रीले दिएको आदेश पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

११. **कारवाही फिर्ता हुन सक्ने** :

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निष्काशित वा कारवाहीमा परेको सदस्यले चित्त बुझ्दो सफाई पेश गरेमा वा आफ्नो भूल स्वीकार गरी माफी मागेमा संयोजकले बैठकको राय बुझी त्यस्तो सदस्यलाई माफी दिई कारवाही फिर्ता लिन सक्नेछ ।

१२. **प्रस्ताव, छलफल र निर्णय गर्ने तरिका**: (१) मुख्यमन्त्रीको निर्देशनमा सचिवले बैठकमा छलफल हुने विषयको प्रस्ताव तयार पारी पेश गर्नेछ ।

(२) उपदफा (१) उल्लिखित प्रस्तावका अतिरिक्त, सचिव वा विज्ञद्बारा कार्यपत्र पेश गर्न मुख्यमन्त्रीले निर्देशन दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिमका कार्यपत्र पेश गर्दा कार्यपत्र प्रस्तुतकर्ता, टिप्पणीकर्ता र अन्य सहयोगीहरुलाई नियमानुसारको भत्ता दिइनेछ ।

१३. **नियमापत्ति** : (१) बैठकमा तत्काल विचाराधिन रहेको कुनै कुरामा कुनै सदस्यलाई यस कार्य विधिको कुनै दफाको उल्लंघन भएको छ भने लागेमा जुन दफा उल्लंघन

भएको हो सो खुलाई नियमापत्ति उठाउन सक्नेछ । नियमापत्ति उठाउने सदस्यले मुख्यमन्त्रीबाट स्वीकृत सूचक अभिव्यक्ति वा ईशारा पाएपछि त्यस्तो विचारधीन कुरामा बोलिरेहेको सदस्यले बोल्न बन्द गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियमापत्ति उठाउने सदस्यले आफ्नो कुरा र आधार स्पष्ट गरी नियमापत्ति सम्बन्धि कुरा मात्र बोल्न पाउनेछ ।

(३) उपदफा (२) बमोजिम नियमापत्ति सम्बन्धि कुरा बोलि सकेपछि त्यस्तो सदस्यले आफ्नो स्थान ग्रहण गर्नुपर्नेछ ।

(४) यस दफा बमोजिम बैठकमा उठाइएको नियमापत्तिको सम्बन्धमा मुख्यमन्त्रीको निर्णय अन्तिम हुनेछ ।

१४. **सदस्यको स्थान रिक्त रहेको अवस्थामा सभाको कार्य सञ्चालन** :
सभाको कुनै सदस्यको स्थान रिक्त रहेको अवस्थामा समेत सभाले आफ्नो कार्य सञ्चालन गर्न सक्नेछ र सभाको कारबाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लागेमा प्रचलित कानून विपरित बाहेकको कार्य अमान्य हुने छैन ।

१५. **वैठकको अभिलेख राख्ने** : (१) परिषद्को बैठक र यसको निर्णय तथा काम कारबाहीको अभिलेख परिषद्को सचिवले व्यवस्थित र सुरक्षित राख्नु पर्नेछ ।

(२) बैठकको निर्णयको सक्कल संयोजकको आदेश बिना बाहिर लैजान वा प्रकाशन गर्न हुँदैन ।

१६. **निर्णय प्रमाणित गर्ने** : (१) सभाको बैठकले गरेका निर्णय संयोजकले प्रमाणित गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय सुरक्षित राख्ने र कार्यान्वयन गर्ने गराउने जिम्मेवारी परिषदको सचिवलाई हुनेछ ।

१७. **बैठकमा सहभागीहरुलाई दिईने सुविधा**: (१) बैठकमा उपस्थित सहभागीहरुलाई बैठकमा आउँदा जाँदा दैनिक भ्रमणभत्ता र नियमानुसारको अन्य भत्ता सहभागी कार्यरत निकायवाटै लिनुपर्नेछ ।

(२) बैठक भएका दिनको खाना, खाजाको खर्च र मसलन्द सामानको व्यवस्थापन कार्यालयले गर्नेछ ।

१८. **यसै कार्याविधि बमोजिम हुने**: यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयका सम्बन्धमा मुख्यमन्त्रीले निर्देशन गरे बमोजिम कार्यालयले आवश्यक व्यवस्था गर्नेछ ।

१९. **बाधा अडकाउ फुकाउने**: यस कार्यविधि बमोजिम कार्य सञ्चालन गर्दा कुनै बाधा अडकाउ परेमा मुख्यमन्त्रीले मन्त्रिपरिषद्को परामर्श लिई त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

***

अनुसूचिः २
बैठकमा प्रस्तुत गरिएका कार्यपत्रहरु

“k|b]z ;/sf/sf] gLlt tyf of]hgf”

8f= ef]u]Gb| emf
pkfWolf
k|b]z gLlt tyf of]hgf cfof]u
k|b]z g= @

प्रदेश प्रशासनिक संरचना	८ जिल्ला, १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका
जनसङ्ख्या	५४, ०४,१४५ (२०.४%, प्रदेशहरुमध्ये दोश्रो ठूलो)
जनघनत्व	५५९ जना प्रति वर्ग कि. मि.
सहरी जनसङ्ख्या	३०.५%
कुल गार्हस्थ उत्पादन	रु ४८८ अर्ब (कुल राष्ट्रिय गार्हस्थ उत्पादनको १६.२%)
प्रतिव्यक्ति आय	७९९ यू एस डलर (प्रदेशहरुमा पाँचौं स्थान)
बहुआयामिक गरिबी दर	४७.९%
खेतीयोग्य जमीनमध्ये खेती गरिएको	८९.९ % (६ लाख ०२ हजार ३०६ हे.)
खाद्यान्न उत्पादन	उत्पादन ८.२ लाख मे.ट.। उत्पादन भन्दा १ लाख १२ हजार मे.टन बढी माग (आ.व. ०७४।०७५)

उद्योग विभागमा उद्योग दर्ता संख्या	$(!(०७४।७५)		
सडक	५^(% कि.मि.।		
औसत आयु	७०.४ वर्ष		
वाल मृत्युदर	९ प्रति हजार जीवित जन्ममा		
प्रदेशको मानव विकास सूचकाङ्क	०.४२१		
साक्षरता	४).(%		
खुदभर्नादर (१-८ कक्षा)	७९.२%		
खानेपानीको सुविधा प्राप्त	९३.८%		
शौचालयको सुविधा	२६.४%		
आर्थिक तथा सामाजिक सूचक	प्रदेशको स्थान	प्रदेश नं २	राष्ट्रिय औसत
१. कूल खेती योग्य जमीन मध्ये खेती गरिएको क्षेत्र फल (%)	पहिलो	८९.९	७९.३
२. खेति गरिएको जमीन मध्ये सिंचित क्षेत्रफल (%)	पहिलो	६५.८	४५.२
३. उद्योग दर्ता संख्या	पाचौं	४९१	७३३४
४. जलविद्युत उत्पादन (मे. वाट)	अन्तीम	-	९९०.५
५. सडक घनत्व	दोश्रो	०.७३	०.४८

६. मानब बिकास सूचकांक	अन्तीम	०.४२१	०.४९
७. साक्षरता (%)	अन्तीम	४०.९	५९.६

८. खूद भर्ना दर (१-८ कक्षा) (%)	अन्तीम	७९.२	९२.३
९. विद्यार्थी संख्या (कक्षा १–१२)	तेश्रो	!@,%%,^#%	&#,(!,%@$
१).आधारभूत खाद्यान्न उपलब्धता (न्यून ००० मे.टनमा)	दोश्रो	१११.८	७१.४
१!. बैंक तथा बित्तिय संस्था शाखाको प्रतिशत	पाचौं	११.१	१००.
१@. कूल निक्षेपमा प्रदेशगत प्रतिशत	पाचौं	४.३	१००.
१#. कूल कर्जामा प्रदेशगत प्रतिशत	पाचौं	७.७	१००.

k|b]zsf] ljsf;sf] k|fyldstf

- ;fdflhs ljsf;
- k"jf{wf/ ljsf;
- s[lifsf] ljsf;, cfw'lgsls/0f tyf Jofj;floss/0f
- ko{6gsf] ljsf; tyf lj:tf/
- jg ,jftfj/0f tyf r'/]sf] ;+/If0f / ;Dj4{g
- pwf]usf] :yfkgf,ljsf; / lj:tf/
- dfgjLo ;|f]tsf] ljsf; tyf /f]huf/L ;[hgf
- ;'zf;g

- P]ltxfl;s,wfld{s,;f+:s[lts tyf k"/ftflTjs dxTjsf ;Dk/Dk/fut tyf df}lns ;Lksf] k|j{4g
- gd"gf gu/ ljsf;
- j}slNks phf{sf] ljsf;
- ;"rgf tyf k|ljlwsf] lj:tf/
- kbfx?sf] ;/+lf0f tyf k|j{4g

k|b]z g=@ df ?kfGt/0fsf k|d'v ;Djfxsx?

- x'nfsL /fhdfu{ / cGo u|fdL0f ;8s k"jf{wf/x?sf] ljsf;
- s[lifsf] cfw'lgsLs/0f tyf Jofoj;floss/0f
- lzlff / :jf:Yodf ;j}sf] kx'Fr
- ko{6gsf] ljsf; ;+/lf0f tyf ;Dj4{g

k|b]z klxnf] cfjlws of]hgfsf] cfwf/kq

सोचM æउच्च मानव विकास र पहिचान - समृद्ध मधेश समाज ।Æ

प्रदेशको सोच निर्माणमा निम्न प्रमुख गन्तब्यलाई दृष्टिगत गरिएको छ

- कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि र खाद्य बचत द्वारा अन्तरप्रदेश माग आपूर्तिमा योगदान ।
- प्रदेशभर उपलब्ध कृयाशील उमेरका जनसङ्ख्या समूहका जनशक्तिका लागि रोजगारी सृजना ।
- औद्योगिकरणमा स्थानीय उत्पादन आबद्ध ।
- गुणात्मक स्वास्थ्य, शिक्षामा लगानी ।

लक्ष्यM प्रदेशबासिको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउन उच्च आर्थिक वृद्धि दर हासिल गर्ने ।

आवधिक योजना अवधिमा हासिल गरिने परिमाणात्मक लक्ष्य

प्रमुख सूचक	आधार वर्ष २०७५।७६	योजनाको अन्तिम वर्ष २०८०।८१
प्रादेशिक आर्थिक वृद्धि दर%	६.५३	११
समग्र गरिबी दर %	२७.७	२१
कुल गार्हस्थ्य उत्पादन	रु ४८८ अर्ब	रु ६०० अर्ब
गैह्रकृषि कृयाकलापहरुको योगदान %	५८	६५
प्रति व्यक्ति आय (अमेरिकी डलर)	७९९	१०००
बाल मृत्यु दर -प्रति हजार)	९	७

खानेपानी सुविधा पुगेका घरपरिवार (%)	९३.८%	९९%
सिंचाइयोग्य क्षेत्रमा सिंचाइ सुबिधा (%)	६५. ८%	७५%

आवधिक योजनाका लक्ष्यहरु हासिल गर्न रणनीतिहरु:

- आर्थिक आत्मनिर्भरताको स्थिति निर्माण गर्न तुलनात्मक लाभ हुनसक्ने स्थानीय कृषिबाली र आधारभूत खाद्य वस्तुको उत्पादनमा बृद्धि गर्ने ।
- कृषि तथा उद्योग क्षेत्रमा सृजना भएका स्थानीय रोजगारी र सम्भाब्य रोजगारी क्षेत्रका लागि चाहिने क्षमता र सीपयुक्त जनशक्ति निर्माण र विकासमा लगानी गर्ने ।
- विद्यमान सडक सञ्जालको उपयोग हुनेगरी आर्थिक सम्भावनाका आधारमा कृषि, पर्यटन क्षेत्रलाई सम्बोधन गर्ने उद्योग स्थापना र सञ्चालनमा नीजिक्षेत्रलाई प्रोत्साहित गर्ने ।
- व्यावसायीकरण, विविधिकरण र आधुनिकीकरण गरि कृषिजन्य उद्योगलाइ विकासको सम्बाहक बनाउने ।
- कृषि अनुसन्धानक्षेत्रमा आधुनिक तथा नवीनतम प्रविधि विकास गरिनेछ ।
- चुरीयाक्षेत्रलाई जलसंरक्षणका लागि आधारस्तम्भ मानी जलसंरक्षणलाई प्रतिकुल असरगर्ने कृयाकलाप रोकथाम हुनेगरी भूसंरक्षण तथा उपयोग नीति बनाइने ।
- अनिवार्य आधारभूत शिक्षा तथा निःशुल्क आधारभूत र माध्यमिक शिक्षापद्धतिलाई रोजगारी र उद्यमशीलता मूलक बनाउने ।
- शैक्षिक सामाजिक चेतनास्तर कमजोर रहेको जातियसमूह समुदायका लागि स्थानीयरुपमा उपलब्ध अवसरहरुमा विशेष प्राथिमकता दिने ।
- स्थानीय तथा भारतीय पर्यटकको साँस्कृतिक र धार्मिक अभिरुची सम्बोधन हुनेगरी सबै मौसममा चलायमान पर्यटन र मनोरञ्जन स्थल निर्माण तथा विकास गर्ने ।
- अन्तरप्रदेश तीव्र बसाइसराइको व्यवस्थापनका लागि प्रदेशले आफ्नो क्षेत्रको भूमिसम्बन्धी नीति बनाउँदा स्थानीयतहहरुलाई भूउपयोग योजना तर्जुमा गर्न प्रोत्साहित गर्ने र एकीकृत बस्ती विकासको रणनीति लिने ।
- कृषि योग्य भूमि र बनक्षेत्रको संरक्षण गर्न र युवाहरुलाई कृषि पेशातर्फ आकर्षित गरायन विभिन्न कार्यक्रम संचालन गर्ने ।
- प्रादेशिक विकास सन्तुलनमा योगदान गर्ने आयोजनाहरुलाई मात्र प्रदेश गौरवका आयोजनाका रुपमा छनौट गरी कार्यान्वयनमा प्राथमिकता दिने ।

k|b]z ljsf;sf] k|fyldstf ;fsf/ kfg{ cfjZos nufgL -? cj{df_

lf]q	अनुमानित सिमान्त पुँजी अनुपात	०७६।७७	०७७।७८	०७८।७९	०७९।८०	०८०।८१	कूल
कृषि	२.८	२१.५०	२७.१९	३३.५२	४०.७४	४९.१७	१७२.१२

उद्योग	६.९	४४.३७	५३.१३	६३.९६	७७.२८	९३.७०	३३२.४४
सेवा	५.०	८५.००	१०३.२०	१२४.९५	१५१.२०	१८३.०५	६४७.४०
कुल	४.८	१५०.८७	१८३.५२	२२२.४३	२६९.२२	३२५.९२	११५१.९६

k|b]z ljsf;sf] nfuL ;fj{hlgs,lghL / ;xsf/Laf6 x'g] cg'dflgt nufgLsf] ljj/0f

कृषि	५९.२९	#$=$	८८=९३	%!=&	२३=९०	!#=(	१७२=१२
उद्योग	११५.१०	#$=^	२१४.०९	^$=$	३.२५	!=)	३३२.४४
सेवा	२६३.३६	$)=&	३६५.१२	%^=$	१८.९२	@=(	६४७.४०
जम्मा	४३७.७५	#*	६६८.१४	%*	४६.०७	$	११५१.९६

FunctionalOverview

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं २, जनकपुरधाम

By
Krishna H. Pushkar Province Secretary

Functional Areas and Scopes:

Peace and Security (Law and Order)	Law	Emergency Service	Information and Communication	Others
•Administration and Coordination •Police Management •Intelligence •Development	•Law Drafting •Legal Assistance •Proceeding and Consent	•Disaster Response and Mitigation •Coordination and Support •Mobilization and handling	•Media •Press •Awareness	•Parliamentary Affairs •PPSC •CPA

Major Roleand Activities:



Strength of the MOIAL



Facts:

Lowest in Vital Crime Rate (Felony) with Highest level of Rumer

Below Average in Misdemeanor

Preparedness

Lowest Accident Rate

Quickest Responder

Better Infrastructure and Equipment

Progress Report:

- Total Budget:93,1194000 Regular (246064000) + Capital (685130000)
- Financial Progress: R (8.73%) + P (26%)
- Total Progress: 21.5%
- Major Spending Units: Province Police (Nepal Police)
- Others Spending Units: CDOs, APF etc.

Problems, ChallengesandSolutions:



Roadmap:

Smart and Technology based Security Management

Peace, Prosperity (Law and Order) and Development

Democratic Norms and Value

Good Governance

Fundamental Rights

Human Rights

Disaster Risk Reduction & Management

Minimum Causality

Safety and Security

Technology Based Services

Research and Development

Funding

Partnership

Media and Press Management

Others

Connectionand Coordination(Part 20, 231-237):



pBf]u, ko{6g, jg tyf jftfj/0f dGqfno k|b]z g+=@, hgsk'/wfd

-प्रदेश सचिव डा. प्रेमनारायण कँडेल

k|:t'ltsf ljifox?

- dGqfnosf]sfolf]q/;+u7g
- dGqfnon]k|fKtu/]sf]pknlAw
- ;jfnx?
- efjL/0fgLlts;'wf/sf]sfo{of]hgf
- :yfgLolgsfo;+u;xsfo{sflf]qx?

dGqfnosf] sfo{lf]q

- k|b]zleqsf]/fli6«ojgtyfh+unpkof]u
- k|b]zleqsf]pBf]utyfjf0fLHo
- jftfj/0fJoj:yfkg/h}ljsljljwtf
- vfgLcGj]if0f/Joj:yfkg
- ko{6gsf]gLlt,of]hgf/k|fb]lzsdxTjsf]k"jf{wf/
- k|fb]lzshnfwf/h:t}r'/];+/lf0f

- **vlghkbfy{**

;fË7lgs Joj:yf

pBf]u,ko{6g,jgtyfjftfj/0fdGqfno

- **k|b]zlgb]{zgfnox?-jg,pBf]utyfjfl0fHo_**
- **l8lehgjgsfof{nox?–***
- **hnfwf/Joj:yfkgsfof{nox?–@**
- **3/]n'tyf;fgfpBf]usfof{nox?–***
- **jgcg';+wfgtyftflnds]Gb|–!**
- **;fu/gfyjgljsf;kl/of]hgf<**

dGqfnon] k|fKt u/]sf] pknlAw

- **gLltut/sfg"gL**
  - jg / pBf]u P]g th'{dfeO{ k|b]z ;efdf k]z ePsf]
  - dGqfnosf] cfGtl/s Joj:yfkgsfo{ljwLx?
- **;Ë7gfTds**
  - ;Ë7gsf] k'g;{/rgf / Joj:yfkg

;dfof]hg ePsfsd{rf/Lx?sf] Joj:yfkg

pNn]Vo k|ult

- **jgtyfjftfj/0fdGqfnotyfljZja}+ssf];xsfo{dfo'=P;=8L@$ldlnog;d[l4sfnflujgcfof]hgfsf]th'{dfu/L:jLs[ltsf]clGtdr/0f df/x]sf].**
- **xl/thnjfo'sf]ifsf]r'/];+/lf0f;DaGwLcfof]hgfafudltb]lvk"j{sf]r'/],t/fO{,dw];dfk|b]z;/sf/af6sfof{Gjogx'g]u/Ldf]8fln 6Ltoul/Psf].**

Generic ;jfnx?

- gLltut / sfg"gL
- ;Ë7gfTds
- Joj:yfksLo

- of]hgf / sfo{s|dut
- **Specific;jfnx?**

- clts|ldtjg lf]qsf] Joj:yfkg
- r'/]sf] lbuf] ;+/If0f / Joj:yfkg
- jg k}bfjf/sf] dfutyfcfk"lt{
- jg lf]qsf] 9'Ëf,lu§L,jfn'jf
- dfgjjGohGt' åGb
- pBf]u btf{,gjLs/0f
- lrgLpBf]u / ls;fgsf] e'StfgL
- ahf/ cg'udg
- k|fs[ltsk|sf]k
- ;'zf;g

/0fgLlts ;'wf/sf] sfo{of]hgf

- cNksfnLg

- Rffn' cf=j=sf sfo{s|dnfO{ k|efjsf/L sfo{Gjogug{ cfof]hgfsf] 5gf}6 u/L lhNnf l:yt sfof{noaf6 sfof{Gjog u/fpg],
- k|fb]lzs:t/Lo dxTjsfko{6g l]fqx?sf] klxrfgtyfk"jf{wf/sf] ljsf;ug]{,
- lghL j[lff/f]k0fnfO{ hf]8 lbg],
- jg;+/If0f,jftfj/0f ;+/If0f,
- pBf]u gjLs/0f

:yfgLotx;+u ;xsfo{sf lf]qx?

- jg;+/If0f / ;d'bfodfcfwfl/t jgJoj:yfkg
- ko{6g jif{, @)@)
- hnfwf/ Joj:yfkgtyf 9'Ëf,lu§L,jfn'jf
- n3' pBd
- j[lff/f]k0f, h}ljsljljwtftyfJftfj/0f ;+/If0f
- k|b]z tyf:yfgLotxsf] gLlt,sfg"g of]hgfth'{df
- cfof]hgftyfsfo{s|dsfof{Gjog

/0fgLlts ;'wf/sf] sfo{of]hgf

- dWosfnLg -^ dlxgf_
  - k|b]z :t/Lo pBf]u,ko{6g,jgtyfjftfj/0f ;DaGwLgLlt,sfg"g, of]hgfsf] th'{df u/L ;du| k|0ffnLsf] ;'wf/ ug]{ ,
  - xfnsf] ;Ë7gnfO{ cfjZoStfsf] l;4fGtdf cfwfl/t jgfpg],
  - cfof]hgfsfof{Gjogsf] ;+oGqagfpg]

wGojfb

अनुसूचिः ४

बैठकको कार्यतालिका

प्रदेश समन्वय परिषद्

प्रदेश नं. २

पुष २६ र २७ गते

बिनायक बैंकट,बर्दिवास, महोत्तरी

समय	बिषय	सहजकर्ता
८:०० – ९:००	दर्ता	
९:०० – ९:३०	उदघाटन समारोह अध्यक्षता ग्रहण	माननीय मुख्यमन्त्रीज्यू बाट
९:३० – १०:००	माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाज्यूबाट प्रस्तुतिकरण	
१०:०० – १०:३०	प्रदेश सरकारको नीति र योजना सम्बन्धी प्रस्तुतिकरण	उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग
१०:३० – ११:००	सुशासन, भ्रष्टाचार न्युनिकरण सम्बन्धी प्रस्तुतिकरण	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिवास
११:०० – ११:३०	प्रदेशस्तरीय कानुन निर्माण तथा प्रदेश र स्थानियतह अन्तर सम्बन्धका बारेमा प्रस्तुतिकरण	महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय
११:३० – १२:००	कर्मचारी व्यवस्थापन र प्रदेश तथा स्थानिय शासन सहयोग कार्यक्रम सम्बन्धमा प्रस्तुतिकरण	सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
१२:०० – १:००	खाना	
१:०० – १:३०	चालु आ.व.को बार्षिक कार्यक्रम र हाल सम्मको प्रगति, समस्या, चुनौती, समस्या समाधानका उपायहरु, भावी कार्ययोजना तथा प्रदेश र स्थानिय तहसंग सहकार्य र अन्तर सम्बन्ध सहित प्रस्तुतिकरण	सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय
१:३० – २:००	पदाधिकारीहरुको सेवा, सुविधा, कर तथा समपुरक र बिशेष अनुदान सम्बन्धी प्रस्तुतिकरण	सचिव- आर्थिक मामिला तथा योजना मन्त्रालय
२:०० – २:३०	चालु आ.व.को बार्षिक कार्यक्रम र हाल सम्मको प्रगति, समस्या, चुनौती, समस्या समाधानका उपायहरु, भावी कार्ययोजना तथा प्रदेश र स्थानिय तहसंग सहकार्य र अन्तर सम्बन्ध सहित प्रस्तुतिकरण	सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय
२:३० – २:५०	चिया	
२:५० – ३:१५	चालु आ.व.को बार्षिक कार्यक्रम र हाल सम्मको प्रगति, समस्या, चुनौती, समस्या समाधानका उपायहरु, भावी कार्ययोजना तथा प्रदेश र स्थानिय तहसंग सहकार्य र अन्तर सम्बन्ध सहित प्रस्तुतिकरण	सचिव, भूमि व्यवस्था, कृषि तथा सरकारी मन्त्रालय
३:१५ – ३:४५	चालु आ.व.को बार्षिक कार्यक्रम र हाल सम्मको प्रगति, समस्या, चुनौती, समस्या समाधानका उपायहरु, भावी कार्ययोजना तथा प्रदेश र स्थानिय तहसंग सहकार्य र अन्तर सम्बन्ध सहित प्रस्तुतिकरण	सचिव, सामाजिक विकास मन्त्रालय
३:४५ – ४:००	अस्थायी शिक्षक सम्बन्धी प्रस्तुतिकरण	
	दोश्रो दिन	
९:३० – १०:००	माननीय महालेखापरीक्षकज्यूबाट प्रस्तुतिकरण	महालेखापरीक्षकको कार्यालय
१०:०० – १०:३०	चालु आ.व.को बार्षिक कार्यक्रम र हाल सम्मको प्रगति, समस्या, चुनौती, समस्या समाधानका उपायहरु, भावी कार्ययोजना तथा प्रदेश र स्थानिय तहसंग सहकार्य र अन्तर सम्बन्ध सहित प्रस्तुतिकरण	सचिव, उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
१०:३० – ११:००	प्रदेश समन्वय परिषद्को निर्देशिका सम्बन्धि प्रस्तुतिकरण	
११:०० – ११:३०	छोरी शिक्षा विमा सम्बन्धी प्रस्तुतिकरण	बेटी पढाउ बेटी बचाउ अभियान कार्यक्रम
११:३० – १२:००	राष्ट्रिय जनगणना सम्बन्धी प्रस्तुतिकरण	केन्द्रीय तथ्याङ्क विभाग
१२:०० – १:००	खाना	
	समापन समारोह	

अनुसूचिः ५
प्रदेश २ को नक्सा तथा जिल्ला, पालिकाहरुको नाम



पर्सा

क्र.सं.	नगरपालिका	गाउँपालिका
१	**बिरगंज महानगरपालिका**	कालिकामाई गाउँपालिका
२	पोखरिया नगरपालिका	छिपहरमाई गाउँपालिका
३	पर्सागढी नगरपालिका	जगरनाथपुर गाउँपालिका
४	बहुदरमाई नगरपालिका	जिराभावानी गाउँपालिका
५		ठोरी गाउँपालिका
६		धोबीनी गाउँपालिका
७		पकाहा मैनपुर गाउँपालिका
८		पटेर्वा सुगौली गाउँपालिका
९		बिन्दबासिनी गाउँपालिका
१०		सखुवा प्रसौनी गाउँपालिका

रौतहट

क्र.सं.	नगरपालिका	गाउँपालिका
१	ईशनाथ नगरपालिका	दुर्गा भगवती गाउँपालिका
२	कटहरिया नगरपालिका	यमुनामाई गाउँपालिका
३	गढीमाई नगरपालिका	

बारा

क्र.सं.	नगरपालिका	गाउँपालिका
१	**कलैया उपमहानगरपालिका**	आदर्श कोटवाल गाउँपालिका
२	**जीतपुर सिमरा उपमहानगरपालिका**	करैयामाई गाउँपालिका
३	कोल्हवी नगरपालिका	देवताल गाउँपालिका
४	निजगढ नगरपालिका	परवानीपुर गाउँपालिका
५	पचरौता नगरपालिका	प्रसौनी गाउँपालिका
६	महागढीमाई नगरपालिका	फेटा गाउँपालिका
७	सिम्रौनगढ नगरपालिका	बारागढी गाउँपालिका
८		विश्रामपुर गाउँपालिका
९		सुवर्ण गाउँपालिका

सर्लाही

क्र.सं.	नगरपालिका	गाउँपालिका
१	ईश्वरपुर नगरपालिका	कौडेना गाउँपालिका
२	कविलासी नगरपालिका	चक्रघट्टा गाउँपालिका
३	गोडैटा नगरपालिका	चन्द्रनगर गाउँपालिका
४	बरहथवा नगरपालिका	धनकौल गाउँपालिका

४	गरुडा नगरपालिका	
५	गुजरा नगरपालिका	
६	गौर नगरपालिका	
७	चन्द्रपुर नगरपालिका	
८	देवाही गोनाही नगरपालिका	
९	परोहा नगरपालिका	
१०	फतुवाबिजयपुर नगरपालिका	
११	बृन्दावन नगरपालिका	
१२	बौधीमाई नगरपालिका	
१३	माधव नारायण नगरपालिका	
१४	मौलापुर नगरपालिका	
१५	राजदेवी नगरपालिका	
१६	राजपुर नगरपालिका	

-

५	बलरा नगरपालिका	पर्सा गाउँपालिका
६	बागमती नगरपालिका	बसबरिया गाउँपालिका
७	मलंगवा नगरपालिका	ब्रह्मपुरी गाउँपालिका
८	लालबन्दी नगरपालिका	रामनगर गाउँपालिका
९	हरिपुर नगरपालिका	विष्णु गाउँपालिका
१०	हरिपुर्वा नगरपालिका	
११	हरिवन नगरपालिका	

महोत्तरी

क्र.सं.	नगरपालिका	गाउँपालिका
१	औरही नगरपालिका	एकडारा गाउँपालिका
२	गौशाला नगरपालिका	पिपरा गाउँपालिका
३	जलेश्वर नगरपालिका	महोत्तरी गाउँपालिका
४	बर्दिबास नगरपालिका	साम्सी गाउँपालिका
५	बलवा नगरपालिका	सोनमा गाउँपालिका
६	भँगाहा नगरपालिका	
७	मटिहानी नगरपालिका	
८	मनराशिसवा नगरपालिका	
९	रामगोपालपुर नगरपालिका	
१०	लोहरपट्टी नगरपालिका	

धनुषा

क्र.सं.	नगरपालिका	गाउँपालिका
१	**जनकपुर उपमहानगरपालिका**	औरही गाउँपालिका
२	कमला नगरपालिका	जनकनन्दिनी गाउँपालिका
३	गणेशमान चारनाथ नगरपालिका	धनौजी गाउँपालिका
४	धनुषाधाम नगरपालिका	बटेश्वर गाउँपालिका
५	नगराईन नगरपालिका	मुखियापट्टी मुसहरनिया गाउँपालिका
६	मिथिला नगरपालिका	लक्ष्मीनिया गाउँपालिका
७	मिथिला बिहारी नगरपालिका	-

सिरहा

क्र.सं.	नगरपालिका	गाउँपालिका
१	कर्जनाहा नगरपालिका	अर्नमा गाउँपालिका
२	कल्याणपुर नगरपालिका	औरही गाउँपालिका
३	गोलबजार नगरपालिका	नरहा गाउँपालिका
४	धनगढ़िमाई नगरपालिका	नवराजपुर गाउँपालिका
५	मिर्चैया नगरपालिका	बरियारपट्टी गाउँपालिका
६	लहान नगरपालिका	बिष्णुपुर गाउँपालिका
७	सिराहा नगरपालिका	भगवानपुर गाउँपालिका

८	विदेह नगरपालिका	
९	शहीदनगर नगरपालिका	
१०	सबैला नगरपालिका	
११	हंसपुर नगरपालिका	
१२	क्षिरेश्वरनाथ नगरपालिका	

सप्तरी

क्र.सं.	नगरपालिका	गाउँपालिका
१	कञ्चनरुप नगरपालिका	अग्नि साईर कृष्णासवरन गाउँपालिका
२	खडक नगरपालिका	छिन्नमस्ता गाउँपालिका
३	डाक्नेश्वरी नगरपालिका	तिरहुत गाउँपालिका
४	बोदेबरसाईन नगरपालिका	तिलाठी कोईलाडी गाउँपालिका
५	राजविराज नगरपालिका	बलान-विहुल गाउँपालिका
६	शम्भुनाथ नगरपालिका	बिष्णुपुर गाउँपालिका
७	सप्तकोशी नगरपालिका	राजगढ़ (बेल्ही चपेना) गाउँपालिका
८	सुरुङ्गा नगरपालिका	महादेवा गाउँपालिका
९	हनुमाननगर कङ्कालिनी न.पा.	रुपनी गाउँपालिका
८	सुखिपुर नगरपालिका	लक्ष्मीपुरपतारी गाउँपालिका
९		सखुवानान्कारकट्टी गाउँपालिका

अनुसूचिः ६

बैठकले गरेका प्रतिबद्धताहरु

अनुसूचिः ७

बैठकका केही झलकहरु

प्रदेश समन्वय परिषद्को बैठक

प्रदेश समन्वय परिषद्को बैठक
प्रदेश नं. २
प्रतिबद्धता
बालविवाह,
महिला हिंसा,

मा. प्रमुख आयुक्तज्यू
अ. दु. अ.आ
मन्त्री
मा. विजयकुमार यादव
आर्थिक मामिला तथा योजना

प्रदेश समन्वय परिषद्को बैठक
मिति: २०७६/०९/२६ र २७ गते
बर्दिवास महोत्सव

शुभम्